# धनगढीमाई नगरपालिकाको दशौं नगरसभा




धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश नेपाल

## बजेट, नीति तथा कार्यक्रम, २०८०

## धनगढीमाई नगरपालिका

धनगढी, सिरहा

मधेश, प्रदेश, नेपाल

२०८० साल आषाढ १० गते, आईतबार

# धनगढीमाई नगरपालिकाको दशौं नगरसभामा प्रस्तुत

## आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक बजेट, नीति तथा कार्यक्रम

**धनगढीमाई नगरपालिकाको यस सम्मानित दशौं नगरसभाका सभाध्यक्षज्यू र सभाका सदस्यज्यूहरू,**

नेपालको संविधान २०७२ अनुसार देशमा संघीय प्रदेश र स्थानीय सरकार गरी तिन तहको सरकार क्रियाशिल रहेको छ। तिन तहको सरकार मध्ये धनगढीमाई नगरपालिका पनि एउटा स्थानीय सरकारको रुपमा २०७४ साल देखि क्रियाशिल रहदै आएको छ।

(क) नगरवासीहरूको विकासको आकांक्षाहरूलाई मूर्तरूप दिने प्रयासमा कार्यान्वयन योग्य योजना, बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरी नागरिकले अपेक्षा गरेको नतिजा दिन यो वार्षिक बजेट, नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित छु। यस धनगढीमाई नगरपालिकालाई समृद्धिको शिखरमा पुर्याउने काम आफैमा चुनौतिपूर्ण भएतापनि नव निर्माणको यस घडीमा एउटा ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नु हाम्रो पहिलो प्राथमिकता हुने कुरामा विश्वस्त पार्न चाहन्छु। यस गरिमामय क्षणमा इतिहास देखि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ सम्म सहादत्त प्राप्त गर्ने सबै ज्ञात अज्ञात आदरणीय शहिदहरू प्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न आन्दोलनहरुको क्रममा घाईते भएका र बेपत्ता भएका नागरिकहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु।

(ख) प्राविधिक दृष्टिले उपयुक्त, सामाजिक रूपमा सन्तुलित एवं राजनैतिक रूपमा स्वीकार्य विकास प्राप्तिका लागि समन्वय कायम गर्दै विकासका साझा गन्तव्य/प्राथमिकता चयन गर्नुपर्ने विशिष्ट अवस्था, लामो राजनीतिक रिक्तता पछि नयाँ संरचना अन्तर्गत काम गर्नु पर्दाको अनुभवको कमी, जनप्रतिनिधिहरू नगरपालिकामा वहाल भइसकेपछि नगरवासीहरूको सन्तुलित विकास एवं सेवा प्राप्ति प्रतिको बढ्दो अपेक्षाको सम्बोधन, सिमित आन्तरिक श्रोत र संघीय अनुदानमा निर्भर विकास कार्यहरू सञ्चालन गर्नुपर्ने पृष्ठभूमिमा आर्थिक बर्ष २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न गइरहेकी छु।

(ग) पूर्व पश्चिम लोकमार्गले झन्डै बीचबाट पहुँच दिएको, अधिकांश समथर भू-भाग तथा चुरे/पहाडको समेत अवस्थिति रहेको, ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय, कृषिजन्य सम्पदाका कारण यस नगरपालिकामा विकासका अवसरहरुको प्रचुर सामर्थ्य रहेको छ। नगरपालिका क्रमशः शहरीकरण हुँदै गएको, सहकारी मार्फत खेती एवंम उन्नत प्रविधि सहितको कृषि/पशुका कार्यक्रमहरूबाट प्राप्त हुने प्रतिफल, ग्राभेल/खनिजबाट प्राप्त हुने निर्माण सामाग्री/राजश्व तथा यिनको उपयोगबाट हासिल हुने समृद्धिको संभावना समेतलाई आगामी नीति तथा कार्यक्रमले विकासको मार्गको रूपमा ग्रहण गरेको छ। नगरपालिकाको समग्र विकास सम्भावनाको खोजी र उपयुक्त कार्यक्रमहरूको कार्यान्वयनबाट प्राप्त हुने मूर्त उपलब्धीहरूबाट जनताले महशुस गर्ने समृद्धिको बाटोलाई प्राप्त गर्न आगामी आर्थिक बर्ष २०८०/०८१ को लागि **"विकास सामर्थ्यको उपयोग, समृद्ध नगर निर्माणमा सहयोग"** भन्ने विकासको दृष्टिकोण तय गरिएको जानकारी समेत यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु।

शिव शंकर महतो
नगर प्रमुख

सभा अध्यक्षज्यू,
नगर सभा सदस्यज्यूहरु,

(घ) आर्थिक बर्ष २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दाको अवस्थामा धनगढीमाई नगरपालिकाको आन्तरिक आय, नेपाल सरकारबाट प्राप्त हुने समानीकरण, शसर्त, समपूरक र विशेष अनुदान, प्रदेश सरकारबाट प्राप्त समानीकरण, समपूरक र विशेष अनुदानमा उल्लेखनीय बढोत्तरी नभएको अवस्था, आन्तरिक श्रोत तथा राजस्व बाँडफाँड लगायतका श्रोतहरूमा अपेक्षा गरे अनुरूप वृद्धि नहुँदा स्रोतको कमी हुन गएको छ।

(ङ) स्थानीय सरकारको दोश्रो कार्यकालको निर्वाचन, २०७९ साल वैशाख ३० गते सम्पन्न भएपछि यो दोश्रो कार्यकालको तेस्रो अधिवेशन सुरु हुदैछ। निर्वाचित भई नगरको समृद्धिका पहिलो कार्यकालमा जनअपेक्षा पूरा गर्ने नगरको विकासका धेरै आयामहरुमा मूर्त उपलब्धीहरु प्राप्त भएका छन्। यस क्रममा यस पुर्व ९ वटा नगरसभा सम्पन्न भई आवश्यक कानूनहरुको निर्माण, कार्यपालिका बैठकबाट विभिन्न कार्यविधि/निर्देशिकाहरुको तर्जुमा, सूचना प्रविधिद्वारा सेवा केन्द्रहरुको सञ्जालीकरण, बाटो स्तरोन्नति तथा ट्र्याक ओपन, प्रमुख प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भई सकेको छ, हरेक वडामा स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न भएको, नयनपुर स्वास्थ्य चौकी अस्पतालमा स्तरोन्नती, नयनपुर अस्पतालको नव निर्मित प्रमुख प्रशासकीय भवनको कार्य सम्पन्न भईसकेको छ, आकस्मिक कक्षको सुरुआत, मालपोत भवन निर्माणको लागि जग्गा व्यवस्थापन र DPR को आधारमा ठेक्का प्रकृया अगाडि बढेको, निर्मल लामा कर्वड हल निर्माण, खोलाहरुको IEE गरिएको छ। धनगढी प्राकृतिक अस्पताल सञ्चालन, व्यक्तिगत घटना दर्ता Online प्रणालीमा आवद्ध, Municipal Digital Profile तयारी, मालपोत तथा राजस्व Online प्रणालीमा आवद्ध, हालको प्रशासकीय भवनको भौतिक क्षमता अभिवृद्धि, खानेपानी आयोजना कार्यान्वयन, गैर-सरकारी संस्थासंग सहकार्य, सरसफाई कार्यक्रम, मधेश प्रदेशको पहिलो सुरक्षित खानेपानी गाँउ घोषणा भएको, पर्यटन पूर्वाधार तयारी, तटवन्ध/बाँध निर्माण जस्ता उल्लेखनीय उपलब्धीहरु हासिल भएका छन्।

(च) धनगढीमाई नगरपालिका लोकतन्त्रका न्यूनतम आधारभूत मूल्य मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय, सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिवद्ध छ, लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ। वर्तमान समयमा शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकून् भन्नेमा हामिहरु अत्यन्त सचेत छौं।

(छ) धनगढीमाई नगरपालिकाको तीव्र आर्थिक विकास गर्नु आजको हाम्रो आवश्यकता हो। स्वाधिन, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै सामाजिक न्याय सहितको दीगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने हाम्रो प्रस्थान बिन्दु हो। धनगढीमाई नगरपालिका सहित मूलुकको समृद्धिमा योगदान पुर्याई संघीय सरकारको मूल लक्ष्य "समृद्ध नेपाल सुखी नेपाली" लाई साकार पार्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु हाम्रो लक्ष्य हो।

(ज) नगरपालिका भित्र गर्नु पर्ने बाँकी महत्वपूर्ण विकास निर्माण तथा सामाजिक विकासका कामहरु हाल सम्मको बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी सोबाट प्राप्त पृष्ठपोषणका आधारमा सम्पन्न गरिने प्रतिवद्धता समेत यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु।

(झ) धनगढीमाईको दशौं नगर सभाले बनाउने यो बजेटले निर्माण भई रहेका र निर्माणको चरणमा प्रवेश गरि सकेका योजनाहरुलाई प्राथमिकतामा राखी अधुरा योजनाहरुलाई पूरा गर्ने तर्फ विशेष ध्यान दिइ बजेट निर्माण गरिनेछ।

शिव शंकर महतो
नगर प्रमुख

आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,

अब म आर्थिक बर्ष २०७९।०८० को धनगढीमाई नगरपालिकाको वार्षिक कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको संक्षिप्त समीक्षा गर्ने अनुमति चाहन्छु।

## १. आर्थिक बर्ष २०७९।०८० को वार्षिक कार्यक्रमको समीक्षा

आज २०८० साल असार १० गते नगरपालिकाको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दा चालू आर्थिक बर्ष २०७९।०८० को असार ९ गते सम्मको अबधिलाई आधार मानी भौतिक तथा वित्तीय प्रगतिहरू प्रस्तुत गरिएको छ। चालू आर्थिक बर्षको बाँकी अवधिको भौतिक तथा वित्तीय प्रगतिहरू वार्षिक प्रगति समिक्षा गरी आ.ब.२०८०।०८१ को पहिलो चौमासिक भित्र प्रस्तुत गरिने व्यहोरा अनुरोध गर्दछु। आर्थिक बर्ष २०७९।०८० को यस अवधिमा धनगढीमाई नगरपालिकामा मुख्यतः सडक ग्राभेल तथा पिच गर्ने, झोलुङ्गे पूल निर्माण, सडक ट्र्याक खोल्ने, विद्युतीकरण, नागरिक स्वास्थ्य सेवा, कृषि तथा पशुपन्छी विकास/प्रसार, सूचना प्रविधिको विकास र संजालीकरण, लक्षित वर्गको सशक्तीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्।

### १.१ पूर्वाधार निर्माण

#### १.१.१ सडक

सडक कालोपत्र गर्ने तर्फ वडा नं. १ देखि १३ सम्म विभिन्न वडाहरुमा सडक कालोपत्रे गर्ने कार्यक्रम १० कि.मि. मध्ये हाल सम्म ४ कि.मि. कार्य सम्पन्न भएको छ। त्यसै गरी बाँकी काम पनि अघि बढिरहेको छ। RCC गर्ने तर्फ वडा नं. १,२,३,४,७,१०,११ र १३ मा जम्मा ९०० मिटर सडक बनेको छ। सडक ग्राभेलिङ तर्फ सबै वडा भरी ग्राभेल तथा मर्मत सम्भार कार्य गरी ८ कि.मि. सडक स्तरोन्नती भएको छ। नयाँ ट्र्याक/माटो सडक निर्माण तर्फ ३.५ कि.मि. सडक निर्माण भएको छ। साथै धनगढीमाई नगरपालिका वड नं.८ चियावारीमा स्थापना भएको औद्योगिकग्रामको *DPR* तैयारी भई ठेक्का प्रकियामा जाने चरणमा छ। पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखालाई आवश्यक उपकरणहरुको व्यवस्था गरी आधुनीकरण गरिने छ।

#### १.१.२ पुल/कल्भर्ट/कजवे

कल्भर्ट निर्माण तर्फ वडा नं. ५ मा २ एउटा कल्भर्ट निर्माण कार्य सम्पन्न भएको छ। साथै वडा नं.७ मा निर्माण सम्पन्न भएको छ।

#### १.१.३ भवन निर्माण

नगरपालिकाको प्रमुख प्रशासकीय भवन (Main Administrative Building) निर्माणको कार्य सम्पन्न भएकोको छ। आधारभूत स्वास्थ्य अस्पताल १५ वेडको निर्माणको प्रकृयामा रहेकोछ। विद्यालय भवन निर्माण तर्फ मा.वि. चैनपुर-९, ज.मा.वि. कुर्वा हनुमाननगर, आ.वि.तैतिस विघा आ.वि.चियावारी, आ.वि. गडमे आ.वि.सिमलटोकी, आ.वि.फुलकहामा कार्य भइसकेको छ। सुरक्षित अवास कार्यक्रम अन्तर्गत वडा नं.१ देखि १४ वडा सम्मको विपन्न जम्मा घरधुरी ३०० मा रहेको फुसको छाना हटाई जस्ता पता हाल्ने कार्यको लागि दोस्रो किस्ताको रकम पठाई कार्यक्रमलाई प्रभावकारी तुल्याइनेछ।

#### १.१.४ झोलुङ्गे पूल

वडा नं. १४ को सर्रे खोला विहिवारेमा झोलुङ्गे पूल र ट्रस्ट निर्माण कार्य सम्पन्न भएको छ।

शिव शंकर महतो
नगर प्रमुख

### १.१.५ खानेपानी तथा सरसफाई

१. *UNICEF* खानेपानी तथा सरसफाई वडा नं.१३ मा ३ वटा, वडा नं.१४ मा १ वटा खानेपानि सम्पन्न भएको छ। नगर स्तरीय WASH Plan लाई कार्यान्वयनमा ल्याइएको छ। साथै वडा नं. ११ मा ६ थान खानेपानि बोडिङ्ग जडान भई रहेकोछ।

२. School WASH Program अन्तर्गत यस धनगढीमाई नगरपालिकाको ७ वटा विद्यालयहरुमा *UNICEF* नेपालको आर्थिक सहयोग उदार स्वंमसेवक (*NCV*) को प्राविधिक सहयोग रतौली युवा कलव (*RYC*) द्वारा सञ्चालित विद्यालय खानेपानि सरसफाई तथा स्वच्छता कार्यक्रम अन्तर्गत खानेपानी र सरसफाई पूर्वाधार विकास तथा मर्मत संम्भार कार्य श्री ज.मा.वि.वेतहा भवानीपुर, वडा नं.२, श्री ज.मा.वि.तिनकोनी (प्राविधिक) वडा नं.५, श्री तु.स.डो.मा.वि. वडा नं.१२, श्री आधारभुत विद्यालय कैलाशपुर भर्लेनी, वडा नं.१३, श्री ज.आ.वि.फुलकहाकट्टी, वडा नं.७, श्री आधारभुत विद्यालय, चियावारी, वडा नं.८ र श्री आधारभुत विद्यालय लक्ष्मिपुर डावर, वडा नं.१३मा कार्यक्रम सम्पन्न भएकोछ। साथै नगरपालिका क्षेत्र भित्र अपाङ्गता भएका शौचालय जम्मा १६ वटा र २०० वटा शौचालयको सामान खरीद भईसकेको र आवश्यकतानुसार निर्माण कार्य भई रहेकोछ।

### १.१.६ उर्जा

विद्युतीकरण तर्फ नगरपालिकाको विभिन्न वडाहरुमा कृषि विद्युतीकरण भएको छ। साथै सड्क वत्ति तर्फ वडा नं.८,९ र १० मा सडक वत्ति जडान भएको छ। नगरपालिकाको वडा नं.१४ मा विपन्नहरुलाई व्याट्री सहितको सोलार वती वितरण गरिएको छ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**

अब म सामाजिक क्षेत्र तर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

## १.२ सामाजिक विकास

### १.२.१ शिक्षा

***"पहिले शिक्षा अनि अरु विकास"*** भन्ने योजना सहित नगरमा ***"बालबालिका सँग मेयर कार्यक्रम"*** सञ्चालन गरी विद्यालयमा रहेका वास्तविक्ता समस्याहरुको अध्ययन गर्ने कार्य सम्पन्न भएको छ। साथै नेपालकै एक मात्र डिप्लोमा ईन योग एण्ड नेचुरोपेथी ३ वर्षे कार्यक्रमको तेस्रो वर्षको पठनपाठन संचालनमा रहेको र सो कार्यक्रम अध्ययनका लागि प्रत्येक वडाको तर्फबाट १।१ जना विधार्थीलाई ५०% वडा छात्रवृती, नगरपालिकाका तर्फबाट सामुदायिक विद्यालयबाट उच्चतम अङ्क ल्याई उत्तिर्ण १ जना छात्र र १ जना छात्रालाई १००% छात्रवृती प्रदान गरिनेछ। सामूदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माणलाई आ.बि. र मा.वि./नि.मा.वि./प्रा.वि. तहसम्म क्रमशः निरन्तरता दिईएको छ।(६ वटा मा.वि.हरुमा र ४ वटा आ.वि.हरु २ कोठे भवन देखि १४ कोठे भवनसम्म निर्माण सम्पनन् भएको छ। नि.मा.वि. संचालित सामूदायिक विद्यालयलाई मा.वि. तहमा स्तरोन्ती गरिएको छ र मा.वि. संचालितलाई कक्षा ११ मा स्तोरन्नती गरिएको छ। विद्यालयहरुमा नपुग शिक्षक दरवन्दीलाई शिक्षण अनुदान मार्फत पुरा गर्ने प्रयास गरिएको छ। नगरपालिकाले आफ्नो श्रोत साधनबाट अर्धवार्षिक/वार्षिक परीक्षा संचालन गरिएको साथै नगर शैक्षिक क्यालेन्डर निर्माण गरी सामूदायिक शिक्षा सवलीकरणको प्रयास गरिएको छ। किशोरीहरुको लागि हरेक मा.वि/नि.मा.वि.हरुमा सेनेटरी प्याड व्यवस्थापन गरिएको छ। विद्यालयहरुलाई ICT मैत्री वनाउन विद्युत पहुँच भएका विद्यालयहरुमा ICT सामाग्री वितरण गरिएको छ। दलित वाल वालिकाहरुलाई शिक्षामा पहुँच पुऱ्याउन अतिरिक्त टयूसन कक्षा कार्यक्रम संचालन गरिएको छ। निःशुल्क पाठ्यपुस्तक, छात्रवृती तथा विभिन्न विद्यालय संचालन तथा व्यवस्थापत अनुदान सामूदायिक विद्यालयहरुमा प्रदान गरिएको छ। नगरपालिकामा रहेका धार्मिक विद्यालयहरु (मदरसा, गुम्वा) लाई मूलधारमा ल्याईएको छ। संस्थागत विद्यालयहरुका प्रमुखहरु सँग छलफल अन्तर्क्रिया गरी नगर शिक्षालाई सफलीभूत पार्ने प्रयास गरिएको छ। विद्यालयहरुका वालकक्षालाई व्यवस्थित वनाउने प्रयास गरिएको

शिव शंकर यादव
नगर प्रमुख

छ। सार्वजानिक शिक्षा सवलीकरण ध्येयका साथ कार्यक्रमहरु अगाडी बढाईएको छ। स्वास्थ्य सामाग्री र प्राथमिक उपचार वाक्स औषधि सहित सबै विद्यालयहरुमा प्रदा गरिएको छ। *"पहिले शिक्षा अनि अरु विकास"* भन्ने योजनाका साथ, विद्यालयहरुमा बाल मनोपरामर्स कार्यक्रम, किशोरी/बाल समूह तथा विद्यालय सरसफाई, सौचालय निर्माण साथै स्वच्छता अभियान अघि बढाईएको छ। सामुदायिक विद्यालयहरुमा Digital Literacy कार्यक्रमका साथै हरेक विद्यालयमा कम्पाउन्ड पर्खाल ल्याउने कार्य अघि बढेको छ। सामूदायिक विद्यालयहरुमा जस्ता पाताको छानो विस्थापित गरी छत ढलान कार्यले तिव्रता पाएको छ, त्यसै अनुरुप ६ वटा मा.वि.हरु र ४ वटा आ.बि.हरुमा ४ कोठे भवन देखि ८ कोठे भवनहरु निर्माण भई रहेको छ।

### १.२.२ सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण

१. १४ वटै वडाहरुमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन कार्य सम्पन्न भईसकेको छ। सामाजिक सुरक्षा भत्ता अन्तर्गत जेष्ठ नागरिक, विधुवा, अपाङ्गता र वालवालिकाहरुलाई प्रथम, दोस्रो, तेस्रो त्रैमासिक बापतको सामाजिक सुरक्षा रकम बैंक मार्फत वितरण गरिएको छ। साथै बैंक र वडा कार्यलहरुको समन्वयमा वडाबाटै समाजिक सुरक्षा भत्ता वितरण कार्य भईरहेको छ। चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता निकासाको प्रकृयामा रहेको छ। हाल सम्म यस कार्यक्रमबाट नगर भित्रका १०३१३ जना व्यक्तिहरु यस कार्यक्रमबाट लाभान्वित भएका छन्।

२. नगरपालिकाको सबै वडाको विगत देखि हाल सम्मको सम्पूर्ण व्यक्तिगत घटना दर्ताको किताब संकलन गरी दर्ता कितावमा दर्ता कायम रहेका सम्पूर्ण व्यक्तिगत घटनाहरुलाई गणना गरी जन्मदर्ता ३४,५०६, मृत्युदर्ता ५१७०, विवाह दर्ता ७६२८ र बसाइसराई २९६३ गरी जम्मा ५०,२६७ घटना दर्ताको विवरण राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागमा पठाईएको छ। घटना दर्तालाई *Digitization* गर्ने कार्यका लागि दर्ता किताबमा कोड नं. निर्माण गरी *Labeling* गरि प्रणालिमा प्रविष्टी समेत गरी डिजिटाइजेसन कार्य सम्पन्न गरिएको छ। मृत्यु भएका लाभग्राहीहरुको लगत कट्टा गरी प्रणालीबाट नाम हटाइएको छ।

३. आगामी आ.ब.२०८०।०८१ देखि अनिवार्य रुपमा बालपोषण तथा समाजिक सुरक्षा भत्ता *VERSP System* बाट उपलब्ध *Forward* र *Reverse Feed* को प्रयोग गरी बैंक मार्फत भत्ता वितरण गरिनेछ।

४. आ.ब.२०८०।०८१ मा यस आयोजना अन्तर्गत प्राप्त हुने सम्पूर्ण कार्यक्रमहरु प्रभावकारी ढङ्गबाट सञ्चालन गरिनेछ।

५. आ.व.२०७९।०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु मध्ये ९१७१ (नौ हजार एक सय एकहत्तर) जना लाभग्राहीहरुको परिचय पत्र नवीकरण गरिएको छ।

६. आ.व.२०७९।०८० मा जन्म दर्ता १५०९, मृत्यु दर्ता ४०३, सम्बन्ध विच्छेद ८, विवाह ६१३, बसाई सरि आएको परिवार संख्या ९९, सदस्य संख्या ३८२ बसाई सरी गएको परिवार संख्या ९४, सदस्य संख्या ३०३ कूल घटना दर्ता २७२६ मा भएको छ।

### १.२.३ स्वास्थ्य

१. नगरपालिकामा २ एउटा अस्पताल (प्राकृतिक/नयनपुर), ५ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वास्थ्य केन्द्र र एउटा शहरी स्वास्थ्य केन्द्र रहेका छन्। चालू आर्थिक वर्षमै थप ८ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य सम्पन्न भएको छन्। यस अवधिमा Municipal Health Situation Report प्रकाशित भएको छ। साथै नगरपालिकाको Health Sector Fact Sheet समेत तयार भएको छ। नेपाल सरकारको राष्ट्रिय अभियान अन्तर्गत ४५४८ जना बालबालिकालाई Vitamin 'A' खुवाउने कार्यक्रम रहेकोमा ४५०० जना बालबालिकाहरुलाई Vitamin 'A' खुवाईएकोले यस तर्फ ९९ प्रतिशत प्रगति हासिल भएको छ।

२. नगरपालिकाको वडा नं. ९ स्थित नयनपुर स्वास्थ्य चौकीलाई १५ बेडको अस्पतालमा स्तरोन्नती गरी चिकित्सक समेतको व्यवस्थामा संचालन गरिएको छ। सबै ८ वटै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन

शिव शंकर महतो
नगर प्रमुख

समिति गठन गरिएका छन्। ६ वटा स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) लागू गरिएको छ।

३. सबै स्वास्थ्य संस्थामा Computer जडान हुनुका साथै सबै स्वास्थ्यकर्मीहरुलाई HMIS e-Reporting तालिम प्रदान गरिएको छ। नगरपालिकाको स्वास्थ्य शाखाबाट मधेश प्रदेशमै पहिलो पटक e-Logistic Management Information System (e-LMIS) लागू भएको छ। नगरपालिकाबाट विपन्न नागरिकहरुलाई कडा ८ प्रकारका रोगहरुको उपचारको लागि एक पटकका लागि प्रति बिरामी यातायत वापत रु.५०००।- प्रदान गरिएको छ। साथै आ.ब.२०७९।०८० को प्रत्येक महिनामा प्रति विरामीलाई कडा रोगीहरु उपचार खर्च वापत रु.५०००।- हजारका दरले ३७ जनालाई दिइएको छ।

४. सबै स्वास्थ्य संस्थाहरुमा नागरिक वडा-पत्र, न्यूनतम सेवा मापदण्डको प्रगतिको फ्लेक्स, सूचकहरुको प्रगतिको विवरणको फ्लेक्स, निःशूल्क औषधीहरुको List को फ्लेक्स राखिएको छ। **"मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम"** अन्तर्गत आ.ब.२०७९।०८० मा वडा नं.१ देखि १४ सम्मा जम्मा ८१ जना छोरीबीमा यस नगरपालिकाबाट गरिएको छ। नगरपालिकाद्वारा संचालित लामो जन्मान्तर सेवा, स्याटेलाईट क्लिनिकबाट ११ जनाले सेवा लिएका छन् र घुम्ती शिविरमा ४६ जनाले मिनिल्याप सेवा लिएका छन्।

५. वर्थिङ्ग सेन्टर नयनपुर अस्पतालमा २६५ र विष्णुपुरकट्टी स्वास्थ्य चौकीमा ३० जना गरी जम्मा २९५ जनालाई सुरक्षित सुत्केरी सेवा प्रदान गरिएको छ।

६. नयनपुर अस्पतालबाट ६८८३ जनालाई OPD सेवा प्रदान गरिएको छ।

७. नयनपुर अस्पताल अन्तर्गत ईमरजेन्सी सेवा सञ्चालन गरिएको छ। साथै एम्वुलेन्स खरीद गरी सुत्केरी आमाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा समेत सञ्चालन गरिएको छ।

८. प्रत्येक स्वास्थ्य संस्थाबाट सेनेट्री प्याड निःशुल्क वितरण भईरहेको छ।

९. नगरपालिकाको पहलमा नयनपुर अस्पताल र भवानीपुर स्वास्थ्य चौकीमा एकिकृत सेवा विशेसज्ञयद्वारा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएकोमा १६९५ जनालाई सेवा प्रदान गरिएको छ।

१०. प्रदेश सरकारको समन्वयमा विष्णुपुरकट्टी स्वास्थ्य चौकीमा जन स्वास्थ्य प्रयोगशाला सञ्चालनमा रहेको।

११. यस नगरपालिका क्षेत्र भित्रका १ देखि १४ वटै वडामा सुत्केरी पश्चात सुत्केरी आमालाई नर्सिङ्ग कर्मचारीद्वारा नियमित घर भेट निगरानी र स्वास्थ्य परीक्षण कार्य भई रहेको छ।

१२. चालु आ.ब.मा इबिड्डी मार्फत २ पटक औषधी र एक्सरे खरीद साथै आई.एल.आर खरीद अन्तिम चरणमा रहेको।

१३. चालू आ.ब.मा वडा नं.१ देखि १४ सम्ममा पोषण कार्यक्रम अन्तर्गत आमा समूहद्वरा महिला संवम सेविका तथा स्वास्थ्य कर्मीबाट ४६५० बालबालिकहरुको तौल तथा पाखुराको नाप लिई ६४३ मध्यम शिर्घ कुपोषण बालबालिकाको उपचार गरिएको छ।

### १.२.४ सहकारी तथा संघ संस्था

नगरपालिका भित्र हाल सम्म ६ वटा बचत तथा ऋण सहकारी संस्था र १९ वटा कृषि सहकारी संस्था दर्ता भएका छन्। साथै हालसम्म २१ वटा धार्मिक पर्यटकीय सम्बन्धी संस्था दर्ता भएको छ भने डिभिजन कार्यालय लहान र जिल्ला प्रशासन कार्यालय सिरहाबाट दर्ता भएका सहकारी तथा संघ-संस्थाहरु यस नगरपालिकामा सूचिकृत भएका छन्। नगरपालिका भित्र दर्ता र सूचीकृत भएका ३१ संस्थाहरुको नियमित रुपमा अनुगमन गरिने गरिएको छ।

### १.२.५. रोजगार

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्षमा रु.७८,६३,०००।- बजटे प्राप्त भएकोमा कार्यविधि तथा नगरपालिकाको निर्णय अनुसार १४ वटै वडाहरुमा बजेट बाँड फाँट गरि कार्यन्वयनमा लगिएको छ। बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन गर्न स्थापना भएको रोजगार व्यवस्थापन सूचना प्रणाली

शिव शंकर महतो
नगर प्रमुख

Employment Management Information System (EMIS)मा बेरोजगार व्यक्तिहरुको विवरण अद्यावधिक तथा प्रभावकारी व्यवस्थापन गरिएको छ। बेरोजगार व्यक्तिहरुको विवरण अनलाईन प्रविष्टि गर्ने तर्फ ९१४ व्यक्तिको विवरण प्रविष्टि गरिएको छ। यस कार्यक्रम मार्फत ९० जना बेरोजगार व्यक्तिहरुलाई ९३ दिनको रोजगारी प्रदान गरि कूल ८,३७० दिनको रोजगारी सृजना गरिएको छ। कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा खटिएका सम्पुर्ण कामदारहरुको ज्याला रकम सम्बन्धित कामदारको बैंक खाता मार्फत भुक्तनी दिने प्रबन्ध मिलाईएको छ।

### १.२.६ लक्षितवर्ग

१. महिला

लैङ्गिक हिंसा न्यूनिकरणको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ। समुह समितिका दिदिबहिनीहरुलाई पोषण महिनावारी प्रजनन् स्वास्थ्य सुनौलो हजार दिनको बारेमा कार्यक्रम सञ्चालन गरिएको छ।

२. अपाङ्ग

अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय-पत्र वितरण तर्फ थप ८६ जनालाई परिचय-पत्र वितरण गरी उक्त संख्या ४७० कायम भएको छ। अपाङ्गता भएको व्यक्तिका अभिभावकहरुलाई हेर चाह सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ। अपाङ्गता भएको व्यक्तिहरुको नगर स्तरीय अपाङ्ग समिति गठन गरिएको छ।

३. जेष्ठ नागरिक

जेष्ठ नागरिक परिचय-पत्र वितरण तर्फ थप १०० जनालाई परिचय-पत्र वितरण गरि उक्त संख्या १५१३ कायम भएको छ।

४. बालबालिका

विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पोषण महिनावारी प्रजनन् स्वास्थ्य सुनौलो हजार दिन, जिवन उपयोगी सिप, बालबिबाह, बालश्रम, बालहिंसा र बालअधिकार बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।

५. दलित

मधेस प्रदेश सरकारको दलित सशक्तीकरण ऐन, २०७६ अनुसार पालिकामा स्थानीय जातीय भेदभाव तथा छुवाछुत अनुगमन समिति गठन गरिएको छ।

आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,

अब म आर्थिक विकास कार्यक्रम तर्फ भएको प्रगितबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

## १.३ आर्थिक विकास

### १.३.१ कृषि

चालू आर्थिक वर्षमा नगर भित्रका कृषकहरुलाई रसायनिक मल ८९८ बोरा साल्ट ट्रेडिङ्गबाट ल्याई नगर भित्रका कृषकहरुलाई विक्रि वितरण गरिएको छ। ५०% अनुदानमा च्याउ विऊ वितरण, बालि शिविर संचालन, विरुवाहरुमा लाग्ने रोग किराहरुलाई नियन्त्रण गर्नका लागि निःशुल्क विषाधी वितरण, माटो परिक्षण शिबिर संचालन, नगरपालिका स्तरिय कृषकहरुलाई मकै खेती तथा तरकारी खेती सम्बन्धी तालिम प्रदान गरिएको छ। कृषकहरुलाई मसिनो धानको विऊ र फलफूल ५०% छुटमा वितरण गरिएको छ। किसानहरुको सिँचाई मिटरको विल नगरपालिकाले भूक्तानी गर्ने प्रकृया अन्तिम चरणमा रहेको छ।

शिव शंकर महतो
नगर प्रमुख

### १.३.२ पशुपन्छी

पशु सेवा शाखाले २५५५ गाई, भैंसीलाई कृत्रिम गर्भाधान गरिएको छ। यसले पशुहरुको नश्ल सुधार भई दुग्ध उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ। कृषकको आयश्रोतमा वृद्धि गर्न चालू आर्थिक वर्षमा ३२५ क्विन्टल जै घाँसको विउ उत्पादन गरिएको छ। पशु उपचार सेवा तर्फ ३५५० वटा पशुहरुको उपचार गरिएको छ। नगरपालिकाबाट वितरित वोयर जातको बोकाबाट जन्मिएका पाठापाठी उतपादन भई बिक्रि वितरण भइरहेको छ। पशु सेवा शाखाले बर्डफ्लु रोग लगायत अन्य रोगहरुको नियन्त्रणका लागि नमूना संकलन गरी संघ तथा प्रदेशमा रिपोर्टिङ्ग गरिएकोछ। किसानहरुलाई डाले घाँस, बहुवर्षे भुईं घाँस र भुईं घाँस वितरण गर्ने कार्य सम्पन्न भएको छ। साथै हाल सम्म यस नगरपालिकाको पशु सेवा शाखामा २३९ पशुपंक्षी फर्म दर्ता भई सञ्चालनमा रहेको छ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**

**अब म अन्य विकास क्षेत्र कार्यक्रम तर्फ भएको प्रगितबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।**

१. भूमि सम्बन्धी समस्या समाधान गर्न यसै आ.ब.मा जग्गा नाप जाँच कार्य सम्पन्न गरी भूमिहिन, दलित, सकुम्बासी, आदिवासीहरुलाई जग्गा प्रदान गरिनेछ।

२. यस धनगढीमाई नगरपालिकाले तराईको सौन्दर्य चुरे क्षेत्र विकास कार्यक्रम तथा सोको संरक्षणको लागि हाल सम्म चालिएको कदमलाई आगामी दिनमा थप संरक्षित तथा सु-व्यवस्थित गर्ने गरी दिर्घकालीन योजना तयार गरिनेछ।

३. हाल सम्म भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी गरि २९७७ निबेदन संकलन भइसकेको छ।

४. संकलन निबेदन मध्ये ११७५ निबेदन मात्र आयोगले उपलब्ध गराएको सफट्वोरमा प्रविष्ट भएको छ।

५. हाल सम्म ४७०.६९ हेक्टर, ६९५ बिगहा, २८ कठ्ठा र १४.९९ धुर जग्गा नापजाँच भएको जसमा ६८६ कित्ता संख्या रहेको छ।

६. वडा नं.१३ को १०८ जना भूमिहिन सकुम्बासीलाई जग्गाधनी प्रमाणपूर्जी वितरण भएको छ।

७. वडा नं.९ का भूमिहीन सुकुम्बासीहरुको १५९ जनाको नक्सा कित्ताकाट सहित फायल तयारी/लालपूर्जा वितरण गर्न बाँकी रहेको छ।

८. भू-उपयोग योजना तथा जग्गा वर्गीकरणको काम सम्पनन् यहि २०८० असार मसान्त भित्र कित्ता काट खुल्नेछ।

९. हाल धनगढीमाई नगरपालिका वडा नं.१४ मा भूमिहिन सुकुम्बासीहरुको जग्गा नाप जाँचको काम हुँदैछ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**

अब म राजस्व परिचालन तर्फ भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

### १.४ आन्तरिक राजस्व परिचालन

चालू आर्थिक बर्षको आन्तरिक राजश्व तर्फको लक्ष्य रु.५ करोड अनुमान गरिएको जस मध्ये २०८० असार ८ गते सम्म जम्मा रू.२ करोड ४५ लाख १ हजार ५५७।- मात्र संकलन भएको छ। राजश्व संकलनको आजको मिति सम्मको प्रवृत्ति हेर्दा चालु आर्थिक वर्षमा वार्षिक लक्ष्य भन्दा धैरै नै न्युन रकम मात्र राजश्व संकलन हुने अनुमान गरिएको छ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**

अब म सुशासन तथा सूचना प्रविधि तर्फको क्षेत्रमा भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

### १.५ सुशासन तथा सूचना प्रविधि

१. नगरपालिकाका काम कारवाहीलाई पारदर्शी, उत्तरदायी र जिम्मेवार बनाउन सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण लगायतका कार्यहरू सम्पन्न भएका छन्।

शिव शंकर महतो
नगर प्रमुख

२. वडा कार्यालयहरूलाई आधुनिक प्रविधिसँग जोड्ने र सेवा प्रवाहलाई सरल र सहज बनाउन सबै वडामा इन्टरनेट सहितको सुविधा पुर्याईएको छ।

३. सरकार संचालनमा Paper Less अवधारणा अनुसार सूचना तथा जानकारीहरू ईमेल, वेबसाईट, फेसबुक पेज र Facebook Messenger मार्फत प्रवाह गर्ने व्यवस्था गरिएको छ।

४. सबै शाखा, वडा कार्यालयहरु बीच सूचना आदान प्रदानका लागि इमेल र Facebook Messenger को प्रयोग गरिएको छ।

५. कार्यालय तथा विषयगत समितिहरुको बैठक विद्युतीय माध्यमद्वारा Microsoft Teams, Zoom को प्रयोग गरी गर्ने कार्य भैरहेको छ।

६. नगरपालिकामा टोल फ्री नं. (१६६०३३५२३३३) को व्यवस्था गरिएको छ।

७. नगरपालिकामा विद्युतीय तथ्याङ्कहरु (Digital Data) को संग्रह तथा संरक्षण गर्न, हाउस होल्ड डाटाबेस बनाउन उच्च क्षमता युक्त Server जडानको कार्य भई सकेको छ।

८. नयनपुर अस्पतालको ल्याबमा Computerized Lab Report र Billing को व्यवस्था गरिएको छ।

९. नगरपालिकाका सबै विद्यालयहरुको *Gread Sheet IMIS* बाट तयार गरि रहेकोछ।

१०. सम्पत्ति कर तथा मालपोत Online Software मार्फत रसिद काटिने व्यवस्था गरिएको छ।

११. नागरिक वडापत्र Digital प्रणालीमा नगरपालिकाको वेबसाईटमा राखिएको छ।

१२. नगरपालिकाको आर्थिक प्रशासन शाखामा SUTRA, Online Sanchaykosh, i-Payroll, C-GAS, Online Banking Statement, EFT जस्ता सूचना प्रविधिको प्रयोग भईरहेको छ।

१३. नगरपालिकाको योजना शाखा र जिन्सी व्यवस्थापनको लागि छुट्टाछुट्टै Software जडान गरिएको छ।

१४. SIP टेलिफोन सेवा जडान कार्य सम्पन्न भईसकेको छ। साथै नगरपालिकामा *E-Sewa* बाट *online* भुक्तानी कार्य समेत भईरहेको छ।

१५. यस धनगढीमाई नगरपालिकाको नव निर्मित प्रमुख प्रशासकीय भवनमा रहेको आन्तरिक तथा विषयगत शाखाहरुमा कार्यरत कर्मचारीहरु लाई ई-हाजिरी माध्यमबाट हाजिरी भईरहेको छ।

१६. यस धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारही र यस नगरपालिका भित्र रहेका मा.वि. र नि.मा.वि. विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विद्युतीय हाजिरी (*E-Attendance*) को कार्य भईरहेको छ।

१७. सेवाग्राहीलाई सेवामा सहजता पुऱ्याउन एउटा हेभी ड्युटी फोटोकपी मेसिनको व्यवस्था गरिएको छ। जसमा सेवाग्राहीहरुको आवश्यक फोटोकपी निःशुल्क गरिरहेको छ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**

अब म नगरपालिकाको बजेट तथा खर्च (चालू र पूँजीगत) को वित्तीय प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

**जसमा संक्षिप्त रुपमा चालू र पुँजीगत खर्चको प्रगति २०८० असार ९ गते सम्मको देहाय बमोजिम रहेको विवरण पेश गर्न अनुमति चाहन्छु।**

१.६.१ चालू तर्फ

यस शिर्षक अन्तर्गत रू.५३ करोड ६१ लाख २० हजार बजेट बिनियोजन भएकोमा रू.३२ करोड ३४ लाख ५ हजार खर्च भई वित्तिय प्रगति ६०.३२ प्रतिशत प्रगति हाँसिल गरिएको छ।

शिव शंकर महतो
नगर प्रमुख

### १.६.२ पूँजीगत तर्फ

यस शीर्षकमा कूल बजेट रकम रू.३६ करोड ९३ लाख १२ हजार विनियोजन भएकोमा हालसम्म ११ करोड ५ लाख ६ हजार खर्च हुन गई वित्तीय प्रगति २९.९३ प्रतिशत हुन गएको छ। विभिन्न योजनाहरुको कार्य सम्पन्न भई भुक्तानी हुने क्रममा रहेको हुँदा यसको वित्तीय प्रगति वृद्धि हुने देखिन्छ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**
**अब म वित्तीय क्षेत्रका मुख्य प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

### १.७ वित्तीय क्षेत्रका मुख्य उपलब्धीहरू

१. बजेट विनियोजन गर्दा सहभागितात्मक बजेट तर्जुमा प्रकिया अनुसार वस्ती तथा वडास्तरीय भेलाबाट सिफारिस भई आएका आयोजनाहरूलाई प्राथमिकतामा राखी विनियोजन गर्ने गरिएको छ,
२. आय तथा खर्चहरूलाई व्यवस्थित गर्न आर्थिक प्रशासन शाखामा सूत्र (Sub–National Treasury Regulatory Applicaton, SuTRA) सफ्टवेयर प्रयोगमा ल्याईएको छ,
३. नगरपालिकाको विषयगत शाखा/कार्यालय, गैर–सरकारी संस्था, वडा तथा सेवा केन्द्रहरूको बार्षिक समीक्षा सम्पन्न गरिएको छ,
४. म्याचिङ्ग फण्ड र मर्मत सम्भार कोष तथा अन्य कोषहरूको लागि निश्चित रकम विनियोजन गरिएको छ,
५. आम्दानी तथा खर्चको मासिक, चौमासिक र बार्षिक प्रतिवेदन तयार गरी प्रदेश तथा नेपाल सरकारका सम्बन्धित निकायमा पठाउने गरिएको छ,
६. बेरुजुको लगत अद्यावधिक गर्ने गरिएको छ,
७. खर्चको सार्वजनिकीकरणलाई निरन्तरता दिइएको छ।
८. स्थानीय सरकार खाता संचालन निर्देशिका, २०७४ बमोजिम पूरानो खाता प्रतिस्थापन गरी नयाँ खाता संचालनमा ल्याईएको छ।
९. वित्तीय सुशासन कायम गर्न लेखाङ्कन/प्रतिवेदनलाई ICT संग जोडिएको छ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**
**अब म नगरपालिकाको विकासका चुनौती र अवसरहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

## २. नगरपालिकाको विकासका चुनौती तथा अवसर

माथि प्रस्तुत गरिएको चालू आर्थिक बर्षको २०७९ जेठ मसान्त सम्मको अवधिको वित्तीय तथा भौतिक प्रगति विवरणको आधारमा तयार गरिएको संक्षिप्त समीक्षाको प्रवृत्ति विश्लेषण (Trend Analysis) गर्दा आर्थिक बर्ष २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न केही चुनौती तथा अवसरहरू रहेको देखिएको छ।

### २.१ चुनौतिहरू

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) बमोजिमका व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
२. सात तहको योजना प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा कानूनी व्यवस्था अनुरूपको उत्तरदायित्व पूरा गर्न स–साना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारको योजनामा नगरपालिकाको बजेटलाई केन्द्रित गर्ने,
३. पर्याप्त जनशक्ति र तिनको प्रभावकारी परिचालनबाट तोकिएका कार्यहरू समयमा र गुणस्तरयुक्त रूपमा सम्पादन गर्ने,
४. उपभोक्ता समितिको काम कारवाहीमा पारदर्शीता, जवाफदेहीता र अर्थपूर्ण जनसहभागिता कायम राख्ने,
५. ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिने कार्य समयमा सम्पन्न गर्ने,

शिव शंकर महतो
नगर प्रमुख

६. गैर–सरकारी संस्था क्षेत्रको बजेट, कार्यक्रमलाई नगरपालिकाको प्राथमिकता क्षेत्रमा केन्द्रित गर्ने।
७. दिगो विकासको लक्ष्य (Sustainable Development Goals, SDGs) प्राप्त गर्न नीति तथा कार्यक्रममा लक्ष्यहरूलाई स्थानीयकरण (Localization) गर्ने।
८. नगरवासीको बढ्दो आकांक्षालाई सम्बोधन गर्न नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**
माथि उल्लिखित चुनौती रहँदा रहँदै पनि यस नगरपालिकाको सामाजिक, आर्थिक, वातावरणीय तथा भौगोलिक विशिष्टताको कारण अवसर र सम्भावना धेरै रहेका छन्। जसलाई संक्षिप्त रूपमा प्रस्तुत गर्न चाहन्छु।

**२.२ अवसर तथा सम्भावनाहरु**
१. धनगढीमाई नगरपालिकाको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषिलाई स्थानीय स्रोत र साधनमा आधारित व्यावसायको रूपमा विकास गर्ने,
२. कृषि एवं गैर–कृषि प्रणालीमा आधारित सीप वृद्धि गरी थप रोजगारी एवं आय आर्जनको बाटो तय गर्ने,
३. सरकारी निजि साझेदारी-*(Public Private Partnership)* को अवधारणा अनुसार विकासमा समन्वयात्मक सहभागिता बढाउन सकिने,
४. सिंचाई पूर्वाधारको विकास गरी उत्पादकत्व बढाउने र जीविकोपार्जनका लागि थप आधारहरू सिर्जना गर्ने,
५. पर्यटकीय सामर्थ्यको पहिचान गरी नगरपालिकाको परिचय उत्कृष्ट पर्यटकीय गन्तव्य *(Best Tourism Destination)* को रूपमा स्थापित गर्ने,
६. सहकारीको दह्रिलो आधारका रुपमा रहेको कृषि (धान, गहुँ, मकै, दुग्ध, फलफूल, कागती, आँप खेती, तरकारी र नगदेवालीको उत्पादनको लागि सामुदायिक परिचालन (*Community Mobilization*) मार्फत सहकार्य गर्न सकिने,
७. औद्योगिक ग्रामको स्थापनाबाट बस्तु तथा सेवाको उत्पादन, अध्ययन, अनुशन्धान, सिकाईको प्रसार हुने,
८. खनिज पदार्थ/ग्राभेल पदार्थको व्यवस्थित उत्खनन् र उपयोगबाट नगरपालिकाको विकास निर्माण तथा आय श्रोत बढाउन सकिने।

**दीर्घकालीन सोंचः "कृषि, शिक्षा, पर्यटन, स्वास्थ्य, सञ्चार र पूर्वाधार**
**धनगढीमाई नगरपालिकाको समृद्धिको मूल आधार"**

**लक्ष्य तथा उद्देश्यः** धनगढीमाई नगरलाई कृषि, पर्यटन, शिक्षा स्वास्थ्य व्यापार र पूर्वाधार बिकासका माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, शहरी सुविधा सम्पन्न व्यवस्थित नमूना शहर निर्माण गर्ने।

**उल्लिखित दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य मुताविक यस नगरपालिकाले आ.व.२०८०/०८१ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।**

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**
अब म उल्लेखित चुनौती र अवसरलाई विश्लेषण गर्दा तिनलाई सम्बोधन गर्न आगामी आर्थिक २०७९।०८० को बजेटको प्राथमिकता र उद्देश्य तथा क्षेत्रगत प्रमुख नीतिहरू बारेमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**३. बजेट तर्जुमाका आधार, प्राथमिकता र उद्देश्य**
**३.१ आधारहरु**
१. आवधिक योजना,
२. संघीय सरकारको नीति तथा कार्यक्रम,
३. संघीय सरकारको बजेट,

शिव शंकर महतो
नगर प्रमुख

४. प्रदेश सरकारको नीति तथा कार्यक्रम/बजेट,
५. SDGs/2030 Agenda,
६. सरकारको अन्तराष्ट्रिय प्रतिवद्धता/संधी सम्झौताहरु,
७. दलीय प्रतिवद्धता/घोषणा-पत्र,
८. स्थानीय सरकारको धरातलीय आवश्यकता,
९. स्थानीय सरकारको आन्तरिक श्रोतको सामर्थ्य।

३.२ प्राथमिकताहरू

१. कृषि तथा पशुपन्छी विकास,
२. पुल, सडक, खानेपानी, ढल विकास,
३. शिक्षा, स्वास्थ्य क्षेत्रको सबलीकरण,
४. गुणस्तरीय सेवा प्रवाह तथा संस्थागत विकास,

३.३ उद्देश्यहरू

१. विकासको लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधारहरु खडा गर्ने,
२. शासनमा सुधार र सेवा प्रवाहमा जनताको सहज पंहुच वृद्धि गर्ने,
३. आन्तरिक क्षेमता विकास र सुदृढीकरणमा जोड दिने,
४. लक्षित एवं समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने,
५. गरिबी न्यूनीकरण तथा जनजिविकामा टेवा पुर्याउने,
६. संतुलित एवं दिगो विकास हासिल गर्ने,
७. समृद्ध नगरपालिका सुखी नगरवासीको अवस्था हासिल गर्ने।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आर्थिक बर्ष २०८०/०८१ मा राखिएको उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने क्षेत्रगत प्रमुख क्षेत्रगत नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**४ प्रमुख नीतिहरू**

**४.१. सुशासन र सेवा प्रवाह**

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, स्थानीय तह वित्तीय सुशासन ज़ोखिम मूल्याङ्कन (LISA, FRA) र व्यवस्थापन परीक्षण सँग सम्बन्धित रहेका विभिन्न ऐन, कानून र कार्यविधिहरुको निर्माण कार्य गरी प्रत्येक विषय वस्तुहरुमा गम्भिरताका साथ छलफल गरी कार्यान्वयन गरिनेछ,
२. कृषि व्यवसायिक खेतीमा लगानी खेत बाँझो नराख्ने,
३. एक गाउँ एक उत्पादन,
४. कृषि एम्बुलेन्स,
५. प्रांगाभिक मल, उद्योगको स्थापना, जैविक, जीवा अमृत मल, जामुन मल उद्योगको स्थापना गरिनेछ,
६. माटो परीक्षण कार्यलाई अनिवार्यता,
७. तरकारी संकलन केन्द्र स्थापना (कलस्टर),
८. धनगढी कृषि बजार र कसहा कृषि बजारमा शित भण्डारको व्यवस्था गरिनेछ,
९. विऊ/विजन उत्पादन पकेट क्षेत्र व्यवस्थापन गरिनेछ,
१०. चक्ला बन्दी खेती व्यवस्थापन गरिनेछ,
११. तरकारीहरुको लागि थोक बजारको व्यवस्थापन गरिनेछ,
१२. सामूहिक खेती प्रणालीको विकास व्यवस्थापन गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

१३. कृषि उद्यमशिलता तालिम लगायत कृषि *Help Desk* को व्यस्थापन प्रत्येक वडामा गरिनेछ,

१४. आम जनताको लागि प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटोछरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाई एकद्वार प्रणालीमा आबद्ध गरिनेछ,

१५. सार्वजनिक प्रशासनलाई भ्रष्टाचार मुक्त बनाई शुन्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्बन गरिनेछ,

१६. नगरपालिका तथा प्रत्येक वडाहरुमा गुनासो/सुझाव पेटिकाको व्यवस्था गरिनेछ,

१७. जनताको गुनासोलाई सम्बोधन गर्न जनप्रतिनिधीको संयोजकत्वमा एक गुनासो सुनवाई समिति गठन गरिनेछ,

१८. नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक वडा पत्रको ब्यवस्था गरिनेछ,

१९. सेंवा प्रवाहको प्रभावकारिता मापन गरि समसामयिक सुधार गर्नका लागि निरन्तर अनुगमन मूल्यांकनको संयन्त्र खडा गरिनेछ,

२०. जनता र मेयर बीच प्रत्यक्ष सम्बाद तथा भेटघाटका लागि "*जनता संग मेयर कार्यक्रम*" संचालन गरिनेछ, साथै जनताको गुनासो सुन्ने र गुनासो लिने प्रत्येक महिना प्रत्येक वडामा कार्यक्रम गरिनेछ,

२१. सार्वजनिक सेवा प्रवाहमा सकारात्मक बिभेदको नीति लिईनेछ,

२२. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई अनुशासित र मर्यादित बनाउनका लागि हाजिरिलाई बिद्युतीय माध्यममा संचालन गरि यसलाई क्रमशः तलब सुबिधा संग आबद्ध गरिनेछ,

२३. नगरपालिकामा *"बालबालिका सँग मेयर कार्यक्रम"* सम्पन्न भएको छ, साथै उक्त कार्यक्रमलांई आगामी दिनमा समेत निरन्तरता दिईनेछ,

२४. नगरपालिकाका जनप्रतिनिधिहरु तथा कार्यरत कर्मचारीहरुको क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमण गराउने व्यवस्था मिलाईनेछ,

२५. जनप्रतिनिधिहरु र नगरपालिकामा कार्यरत कर्मचारीहरुका बीच कम्तिमा चौमासिक रुपमा लिखित प्रतिबेदन सहित संयुक्त बैठक बस्ने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ,

२६. अस्थायी, सेवा करार र ज्यालादारीद्वारा भर्ना गरिएका कर्मचारीहरुलाई नगरपालिकाको सामर्थ्य, कार्यदक्षता र कार्यसम्पादन मूल्यांकन, आवश्यकता र औचित्यको आधारमा निरन्तरता दिईनेछ, साथै कार्यरत रहेका सम्पूर्ण स्थायी कर्मचारीहरु र विद्यालयमा कार्यरत रहेका शिक्षक/शिक्षिकाहरु लगायत सम्पूर्ण कर्मचारीहरुको कार्यसम्पदान मूल्यांकन फारम समयमा नै अध्यावधीक गरी/गराई सम्बन्धित निकायमा पठाउने व्यवस्था मिलाइनेछ,

२७. दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय सिफारीस दर्ता चलानी तथा आबेदन प्रणाली लागू गरिनेछ,

२८. वेभसाइट मार्फत नगरको सम्पूर्ण सूचना सार्वजनिक गर्ने कार्य लाई अझ प्रभावकारी बनाईनेछ,

२९. नगरपालिकाको सेवा प्रवाह तथा काम कारबाहीका सम्बन्धमा नियमित रुपमा सार्वजानिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ,

३०. कर्मचारीको योग्यता क्षमता र विज्ञताका आधारमा जिम्मेवारी प्रदान गर्नका लागि उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान (Right Man in the Right Place) भन्ने सिद्धान्त परिपालना गरिनेछ,

३१. कार्यरत कर्मचारीहरुको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्य सम्पादन गर्ने जिम्मेवारी दिईनेछ,

३२. कर्मचारीलाई कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई निरन्तरता दिई प्रत्येक वर्ष नगरपालिका दिवस असोज १ गते कार्यरत कर्मचारीहरु मध्येबाट बढीमा दुई जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा छनौट गरी पुरस्कृत गरिनेछ,

३३. निर्वाचित पदाधिकारीहरुका लागि लागु गरिएको योगदानमा आधारित विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ,

३४. धनगढीमाई नगर भित्र रहेका आँपको बगैचा भित्र घुसुवा बाली वा छायाँ खेती गर्ने कृषकलाई अनुदानको व्यवस्था गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

३५. "धुवा रहित एक घर एक चुलो" को अवधारणा सहित इ.पि.सि. नेपालको सहयोगमा यस नगरपालिकाका वडा नं.१०, ११, १२, १३ र १४ मा सम्पन्न भईसकेको छ साथै सो कार्यलाई बाँकी रहेको वडाहरुमा निरन्तरता दिईनेछ,

३६. हाल सिरहाको चोहर्वा स्थित रहेको चिनि मिल सँग सम्बन्य गरी उखु खेतीमा कृषकहरुको अग्रसरता गरिने, नगरबाट कृषकहरुलाई उखु ढुवानीमा अनुदानको व्यवस्था गरिनेछ,

३७. नगरपालिकाको राजश्व वृद्धि गर्नको लागि नगर भित्र रहेका सार्वजनिक जग्गाहरुको उपयोग गरी उक्त जग्गाहरुमा व्यवसायिक मूलक योजनाहरु तर्जुमा प्राथमिकता साथ गरिनेछ।

### ४.२. कर्मचारी प्रशासन

१. संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी रिक्त स्थायी दरवन्दीहरु पूर्ति गरिनेछ। संघ र प्रदेश पुर्ति नभएको रिक्त दरवन्दीहरुको लागि प्रदेश लोक सेवा आयोगमा माग, आपुर्ति भरी पठाइने छ,

२. कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नवीनतम प्रविधिको ज्ञान मार्फत प्रतिष्पर्धी र प्रभावकारी बनाईनेछ,

३. नगरपालिकामा कार्यरत कर्मचारीहरुको अभिलेख व्यवस्थापन गर्न नगर कर्मचारी किताबखाना खडा गर्ने कार्यलाई निरन्तरता दिइनेछ,

४. सेवा करारका कर्मचारीहरुको समान पदको तलब, पोशाक खर्च र महंगी भत्ता वितरणमा एकरुपता ल्याई आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याईनेछ,

५. नगरपालिका अन्तर्गतका सबै विषयगत शाखा-उपशाखाका योजना तर्जुमा/कार्यान्वयन, सार्वजनिक खरिदद्वारा वस्तु तथा सेवाको प्राप्ति र कर्मचारी प्रशासन सम्बन्धी कार्यहरु नगरपालिकाको योजना र प्रशासन शाखाबाट सम्पादन हुने गरी एकद्वार नीति अवलम्बन गरिनेछ,

### ४.३. आर्थिक विकास

#### ४.३.१. कृषि विकास

१. **"आर्थिक समृद्धिको आधार कृषि प्रसार"** भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यावसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणमा विशेष जोड दिदै सामूहिक खेती प्रणाली विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ,

२. बढ्दो जमीनको खण्डीकरण र कृषि भूमि माथिको अतिक्रमणलाई नियन्त्रण गर्न जग्गाको वर्गीकण गर्ने कार्य सम्पन्न गरिनेछ,

३. नगर भित्र संचालनमा रहेको कृषि सूचना केन्द्र र कृषि पाठशालाहरुलाई निरन्तरता दिनुको साथै फलफूल/तरकारी संकलन केन्द्र प्रत्येक वडामा बिस्तार गरिनेछ,

४. तरकारी उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउन उन्नत प्रबिधी तथा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम संचालन गरिनेछ,

५. कृषि उत्पादन, प्रशोधन व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरणका लागि संघ/प्रदेश सरकारसंग समन्वय गरि Custom Hiring Center को स्थापना गरिनेछ,

६. बढदो रसायनिक मलको प्रयोगलाई घटाई प्रांगारिक मलको प्रयोग बढाउन Organic खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ,

७. कृषि उत्पादन प्रवर्द्धन गर्न कृषि तथा कृषक समूह गठन गरि सामूहिक अनुदान दिने नीति लिईने छ,

८. नगदेवाली, तरकारी खेती, फलफूल नर्सरी, आँप खेतीलाई व्यवसायिक रुपमा विकास गर्न विशेष प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ,

९. नगरपालिकालाई आँप क्षेत्र (Mango Zone) घोषणा गरी बहुउद्देश्यीय फलफूल चिस्यान केन्द्र (Multipurpose Fruit Cold Storage) निर्माण गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

१०.नगरपालिकाभित्र आँपको उत्पादनलाई प्रवर्द्धन गर्न र बिक्रि वितरणलाई सहज बनाउन नगरपालिकाको नाम अंकित Mango Packing Cartoon तयार गरी किसानहरुलाई निःशूल्क वितरण गरिनेछ,

११.नगरपालिका भित्र आँपको उत्पादन र बिक्रि वितरणलाई सहज बनाउन कृषक र ठेकेदार बीच कारोबारको सम्बन्धमा कुनै असहजता भएमा दुवै तर्फको लगानीको सुनिश्चितताको लागि वडा कार्यालयको मध्यस्ततामा टुङ्ग्याउने नीति लिईनेछ,

१२.आगामी आर्थिक वर्षमा पनि फलफूलका बिरुवा वितरण गरिने कार्यलाई निरन्तरता दिईने छ,

१३.कृषि बीउ विजन, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ,

१४.धनगढी बजारको कृषि हाटबजारमा बहु-उपयोगी कृषि भवन निर्माणका लागि संघीय सरकार शहरी विकास मन्त्राल संग समन्वय र सहकार्य गरी बिस्तृत परियोजना प्रस्ताव (Detail Project Report) तयार गरिनेछ,

१५.कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बीउ उत्पादन कार्यक्रमलाई प्रोत्साहन दिई उन्नत बीउ वितरण गर्न अनुदानको व्यवस्था गरिनेछ,

१६.कृषि उत्पादन अभिबृद्धिका लागि सिंचाई, डिप बोरिंग जस्ता योजना संचालनमा प्राथमिता दिईने छ,

१७.कृषि उत्पादनमा गुणत्मक सुधार गर्नका लागि बिभिन्न वडाहरुमा सम्भाब्यता अध्ययन गरि भौगोलिक बिशेषता अनुसार उत्पादनका बिशिष्टिकरण क्षेत्र (Pocket Area) घोषणा गरिनेछ,

१८.कृषकहरुको मनोबल उच्च बनाई उत्पादलाई प्रवर्द्धन गर्न बार्षिक रुपमा कृषि मेला (Agriculture Mela) तथा प्रदर्शनिको आयोजना गरिनेछ,

१९.प्राबिधिक शिक्षालय संग समन्वय गरि प्राबिधिक शिक्षा मार्फत कृषि क्षेत्रको प्राबिधिक जनशक्ति उत्पादनमा जोड दिईनेछ,

२०.भूमिहिन, विपन्न, सिमान्तकृत, दलित समुदायको आर्थिक, स्तर उकास्न नगरपालिका भित्रको ऐलानी, पर्ति वा निजि जमिनमा नगरपालिकाको अनुदान सहयोग र लिज सम्झौता मार्फत सामूहिक खेती कार्यक्रम शुरु गरिनेछ,

२१.कृषि संग सम्बन्धित संगठित संस्थाहरुको संस्थागत अभ्यास अभिवृद्धि गर्न तालिमको व्यवस्थापन गरिनेछ,

२२.पुष्प र फलफूल व्यवसायीहरु मध्येका आफ्नै श्रोत र साधनले आत्मनिर्भर बनाउने कार्यमा सहयोग पुऱ्याउने कृषक/फर्मलाई सम्मान गरिनेछ,

२३.कृषि सूचना केन्द्र स्थापना गरी कृषि बजार प्रविधि सम्बन्धी कृषक व्यापारी बीच सीप र सूचना आदान प्रदान गरिनेछ,

२४.OVOT अन्तर्गतका कर्मचारीहरुलाई लागत साझेदारीमा निरन्तरता दिईनेछ,

२५.कृषकहरुलाई कृषि तथा सिचाँइ मिटरको विल भुक्तानी दिने कार्यलाई निरन्तरता दिईनेछ,

२६.यस नगरपालिका क्षेत्र भित्र कोल्ड स्टोरको निर्माण गरिनेछ,

२७.कृषि थोक तथा खुद्रा बजारको व्यवस्थापन गरिनेछ,

२८.सामूहिक खेती प्रणालीको विकास व्यवस्थापन गरिनेछ,

२९.कृषि उद्यमशिल तालिम कृषि Help Desk को व्यवस्थापन प्रत्येक वडामा गरिनेछ,

३०.किसान परिपत्र किसान वर्गीकरण गर्ने कार्य भई रहेको छ,

३१.कृषकहरुलाई वित्तिय संस्थाहरु संग आर्थीक सहयोग तथा ऋण सपोटमा नगरपालिका द्वारा सहजीकरण गरिनेछ,

३२.कृषि र पशु विमा लागू गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३३.कृषि उद्योगलाई व्यवसायिक रुपमा अगाडी बढाउन कृषि सड्क र कृषि विद्युतीकरणको व्यवस्थापन गरिनेछ।

३४.चालू आ.ब.को कृषि मिटरको विल भुक्तानी अन्तिम चरणमा रहेको छ।

शिव शंकर महतो
नगर प्रमुख

### ४.३.२. पशुपंछी विकास

१. पशुपन्छीको व्यावसायिक पालनका लागि विशेष योजना बनाई अनुदानको व्यवस्था सहित सहुलियत दरमा पशु ऋणको व्यवस्था गरिनेछ,

२. पशु नक्ष सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ। पशु आहाराका लागि घांस खेतीका कार्यक्रम संचालन गरिनेछ। पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिनेछ। उत्पादित पशुपंछीजन्य उत्पादनको उचित बजारीकरणको प्रवन्ध मिलाइने छ,

३. पशुपन्छी पालनलाई निरोगी, प्रतिष्पर्धी र व्यावसायीक बनाउन पशु स्वास्थ्य शिविर *(Animal Health Camp)* आयोजना गरिनेछ,

४. पशुपालन संग सम्बन्धित संगठित संस्थाहरुको संस्थागत अभ्यास अभिवृद्धि गर्न तालिमको व्यवस्थापन गरिनेछ,

५. माछा र दुग्ध व्यवसायीहरु मध्येका आफ्नै श्रोत र साधनले आत्मनिर्भर बनाउने कार्यमा सहयोग पुऱ्याउने कृषक/फर्मलाई सम्मान गरिनेछ,

६. पशु सूचना केन्द्र स्थापना गरी पशु बजार प्रविधि सम्बन्धी कृषक व्यापारी बीच सीप र सूचना आदान प्रदान गरिनेछ।

७. जै घाँस र नेपियर घाँसको स्रोत केन्द्रको रुपमा अगाडी बढाइनेछ।

८. पशुपंक्षी व्यवसायीक फर्म/उद्योगको विद्युत महशुलमा छुट गर्ने प्रकृया अगाडी बढाइनेछ।

९. पशु खोप कार्यक्रमलाई विस्तार गरिनेछ।

### ४.३.३. सहकारी

१ **"समुदायमा सहकारी आय र रोजगारी"** भन्ने नारा सहित सहकारी मार्फत आधारभूत वर्ग तथा सिमान्तकृत समुदायको परिचालन गरि आर्थिक उत्पादन मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनेछ,

२. कृषि तथा कृषिजन्य उत्पादन तथा उद्योगको प्रवर्द्धनका लागि सहकारीताको माध्यमबाट अभियान संचालन गरिनेछ,

३. कृषि उत्पादन र वजारीकरणमा सहकारीहरुलाई प्रोत्साहनको लागि विशेष अनुदानको व्यवस्था मिलाईनेछ,

४. सहकारी मार्फत कृषि फार्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईनेछ,

५. सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइनेछ,

६. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानी मैत्री वातावरण श्रृजना गरिनेछ,

७. सहकारी हरुलाई न्यूनतम ब्याजदरमा क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ। साथै कार्यक्रम संचालनमा हुने गरेको दोहोरोपना हटाईनेछ,

८. सहकारीहरुको सामाजिक उत्तरदायित्व (*Corporate Social Responsibility, CSR*) अन्तर्गतका क्रियाकलापहरु पूरा गरी सामुदायिक विकासमा सहभागी गराउने नीति लिईनेछ,

९. कृषकले उत्पादन गरेको बस्तृहरु बिक्रीको लागि बजारको सुनिश्चिता गर्न नगरपालिकाले कृषक समूह वा सहकारीसंग सम्झौता गरी अनुदानको व्यवस्था गरिनेछ।

### ४.३.४. उद्योग तथा वाणिज्य

१. उद्योगका लागि आवश्यक पूर्वाधार तथा सेवा सुबिधा एकै थलोबाट प्रदान गर्नका लागि नगरपालिकको वडा नं ८ स्थित चियाबारी क्षेत्रमा निर्माण गर्न प्रस्ताव गरिएको औद्योगिक ग्राम *(Industrial Village)* निर्माण कार्यलाई तीव्रता दिईनेछ,

शिव शंकर महतो
नगर प्रमुख

२. उद्योग स्थापनाका लागि उद्योग मैत्री नीतिहरू अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहित गरिनेछ। यसका लागि स्थानीय बैंक तथा वित्तिय संस्थाहरु संग समन्वय र सहकार्य गरिनेछ,
३. महिला, दलित, बिपन्नहरुलाई औद्योगिक क्रियाकलापमा संलग्न गराई अनुदान सहुलियत प्रदान गर्नका लागि उद्यम विकास कोषको स्थापना गरिनेछ,
४. उद्योग ब्यावसायहरुको दर्ता तथा नियमन सम्बन्धी कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ,
५. उपभोक्ताहरुको हित संरक्षणका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ,
६. नगरपालिका क्षेत्रमा उत्पादन हुने कृषि तथा मासुजन्य बस्तुहरुको लघु उद्योग स्थापनामा जोड दिईनेछ,
७. स्थानीय कृषि कच्चा पदार्थको उपयोग गरी बस्तु तथा सेवाको उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन प्याकेज ल्याईनेछ।

### ४.३.५ प्रमुख उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम

१. नगर भित्र बसोबास गर्ने बेरोजगार युवाहरुको सीप क्षमता अभिबृद्धि गरि रोजगार प्रवर्द्धनको लागि प्रमुख उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ,
२. प्रमुख उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम मार्फत यस नगरपालिका क्षेत्र भित्र आवश्यक हुने प्राबिधिक जनशक्ति नगरपालिका भित्रै उत्पादन गरि श्रम आयात लाई निरुत्साहित गरिनेछ,
३. प्रमुख उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम मार्फत बेरोजगार युवाहरुलाई आवश्यक सीप र प्रविधी हस्तान्तरण गरि उद्यमशीलताको बिकास गरिनेछ,
४. प्रमुख उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम मार्फत नगर क्षेत्र भित्र १ बर्षमा कम्तीमा २५० जना युवा उद्यमी उत्पादन गरिनेछ।

**उपप्रमुख उद्यमशिलता तथा महिला लक्षित कार्यक्रम**

१. नगर भित्र बसोबास गर्ने बेरोजगार युवतीहरुको सीप क्षमता अभिबृद्धि गरि रोजगार प्रवर्द्धनको लागि उपप्रमुख उद्यमशिलता तथा महिला लक्षित कार्यक्रम संचालन गरिनेछ,
२. उपप्रमुख उद्यमशिलता तथा महिला लक्षित कार्यक्रम मार्फत यस नगरपालिका क्षेत्र भित्र आवश्यक हुने प्राबिधिक जनशक्ति नगरपालिका भित्रै उत्पादन गरि श्रम आयात लाई निरुत्साहित गरिनेछ,
३. उपप्रमुख उद्यमशिलता तथा महिला लक्षित कार्यक्रम मार्फत युवतीहरुलाई आवश्यक सीप र प्रविधी हस्तान्तरण गरि उद्यमशीलताको बिकास गरिनेछ,
४. उपप्रमुख उद्यमशिलता तथा महिला लक्षित कार्यक्रम मार्फत नगर क्षेत्र भित्र १ बर्षमा कम्तीमा २५० जना युवती उद्यमी उत्पादन गरिनेछ।

### ४.३.६. खानी तथा खनिज

१. हाल अनियन्त्रित र अब्यवस्थित भैरहेको ग्राभेल माटोको उत्खनन् कार्यलाई ब्यवस्थित बनाउनका लागि जमीनको वर्गीकरण गरि खानी तथा निर्माणजन्य पदार्थ उत्खनन् क्षेत्र तोकिने छ,
२. निर्माणमुखि खनिज पदार्थको उत्खनन् तथा ढुवानीलाई नियमन गर्न वडास्तरीय अनुगमन समिति गठन गरिनेछ,
३. ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा आदि खानीजन्य वस्तुको सर्वेक्षण, अन्वेषण, संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनका लागि खानी तथा खनिज पदार्थ सम्बन्धी नियमावली जारी गरिनेछ,
४. नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थहरुको ठेक्का मार्फत उत्खनन् तथा संकलन शूल्क असुली गर्ने नीतिलाई निरन्तरता दिईने छ,

शिव शंकर महतो
नगर प्रमुख

५. ग्रभेल उत्खनन्का लागि मधेश प्रदेशकै आकर्षणको केन्द्रको रुपमा रहेको वडा नं ८, ९ र १३ को क्षेत्रबाट हुने उत्खनन् कार्यलाई व्यवस्थित र व्यवसायिक बनाउनका लागि निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन्, ओसारपसार तथा बिक्री वितरण सम्बन्धी कार्यविधि बनाई लागू गरिनेछ,

६. जथाभाबी अनयन्त्रित रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी बालुवा उत्खनन् कार्य रोकी नगरपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण *(IEE)* गरि ठेक्का मार्फत उत्खनन कार्यलाई व्यबस्थित गर्न कार्यबिधी निर्माण गरिनेछ,

७. तोकिएको मापदण्ड बिपरित उत्खनन् गर्नेलाई कडा सजायको नीति लिईने छ।

### ४.३.७. रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण

१. गरिबी निवारणका लागि *CTEVT* सीप विकास केन्द्र लगायतका निकाय संग समन्वय गरि निःशूल्क तालिम प्रदान गरिनेछ,

२. सीप प्राप्त युवाहरुको लागि बैंक मार्फत सहुलियत ऋण प्राप्त गर्ने ब्यवस्था गरिनेछ,

३. गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ,

४. युवाहरुलाई सरकारी सेवा प्रति आकर्षित गराउनका लागि लोकसेवा आयोग तयारी कक्षा संचालन गरिनेछ। कक्षामा सहभागिता गराउँदा समावेशी दृष्टिकोणबाट सकारात्मक विभेद अपनाईनेछ,

५. वैदेशिक रोजगारबाट फर्केका र केही गर्न चाहने यूवा बेरोजगारहरुलाई नगरपालिकाको तर्फबाट मल, खाध, बिउ र प्राविधिक सहयोग उपलब्ध गराई सामूहिक खेती तर्फ आकर्षित गरिनेछ,

६. बैदेशिक रोजगारीमा जाने युवाहरुको लागि आवश्यक सीप सिक्ने अवसरहरुको ब्यवस्था गरिनेछ,

७. बैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वाताबरण तयार गर्न कृषि, पर्यटन, उद्योग ब्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा ठूलो लगानीको वाताबरण तयार गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागू गरिनेछ।

### ४.३.८. प्रधानमन्त्री रोजगार कार्यक्रम

१. बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन गर्न स्थापना भएको रोजगार व्यवस्थापन सूचना प्रणाली Employment Management Information System (EMIS)को विवरण अद्यावधिक तथा प्रभावकारी ब्यवस्थापन गरिनेछ,

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको प्रोजेक्ट बैंक तयार गरि कार्यन्वयन गरिनेछ,

३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार व्यवस्थापन सूचना प्रणाली Employment Management Information System (EMIS)मा सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई १०० दिन बराबरको रोजगारीको ब्यंवस्था मिलाईनेछ,

४. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा खटिएका सम्पुर्ण कामदारहरुको ज्याला रकम सम्बन्धित कामदारको बैंक खाता मार्फत भुक्तनी दिने कार्यलाई निरन्तरता छ।

५. यस कार्यक्रम अन्तर्गत उल्लेख्य बेरोजगारहरुलाई तालिम तथा रोजगारी प्रदान गरिनेछ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभविकारी ढङ्गबाट सञ्चालन गर्नको लागि नगरपालिकाबाट साझेदारी रकमको व्यवस्था गरिनेछ।

## ४.४. सामाजिक विकास

### ४.४.१. शिक्षा

१. ***"गुणस्तरीय शिक्षा र सीपको प्रसार, सक्षम नगर निर्माणको आधार"*** भन्ने मूल नारा लिएको यस नगरपालिकाले आगामी दिनमा समेत शैक्षिक क्षेत्रमा ब्यापक सुधारका नीतिहरुलाई निरन्तरता दिइनेछ,

२. कक्षा १ देखि ३ सम्मका बालबालिकाको मनोबिज्ञान बुझी बौद्धिक क्षमता अभिबृद्धि गर्नका लागि एक कक्षा एक शिक्षकको नीति लिइनेछ,

नगर प्रमुख

३. विद्यालयका भौतिक पूर्वाधार सुदृढीकरणलाई बिशेष प्राथमिकतामा राखी बिद्यालयको भौतिक पूर्वाधारको बिकासको लागि प्रदेश तथा केन्द्र सरकारसंग समन्वय गरिनेछ,

४. आगामी आर्थिक बर्षभित्र माध्यमिक स्तरका सबै विद्यालयहरूमा बिद्युतीय पुस्तकालय *(E-Library)* तथा विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ,

५. माध्यमिक बिद्यालयहरुमा संचालित बिद्युतीय बिद्यालय ब्यवस्थापन प्रणाली (Electronic School Management System) लागू भएकोमा त्यसलाई विद्यालयको i-Educational Management Information System अनुरुप अध्यावधिक गरी बिद्यालयको ब्यवस्थापनमा सुधार गरिनेछ,

६. आगामी आर्थिक बर्षभित्र नगरलाई पूर्ण साक्षर नगर घोषणा गरिनेछ। बिद्युतीय शिक्षण सिकाइको नवीन पद्धतिको प्रयोगलाई बढाउदै लगिनेछ,

७. वडा नं ९, मुसहर्नियामा स्थापना गरिएको सार्वजनिक पुस्तकालय जय गोविन्द साह स्मृति पुस्तकालय (बिद्युतीय पुस्तकालय) र वडा नं.१ बाखरमा स्थापित विद्यापति स्मृति पुस्तकालाय लाई थप सुविधा सहित व्यवस्थित घोषणा गरी बजेटको व्यवस्थापन गरिनेछ।

८. नगरपालिका अन्तर्गतका आ.वि. र माध्यमिक विद्यालयहरुलाई क्रमशः विशेषज्ञ/विषय क्षेत्रगत विधाको आधारमा नमूना विद्यालय घोषणा गरिनेछ,

९. शैक्षिक बेरोजगारी समस्यालाई ध्यानमा राखी व्यवसायिक, सीपमूलक र व्यवहारिक शिक्षामा जोड दिईनेछ,

१०. शिक्षामा सबैको समान अधिकार र पहूँच पुऱ्याउन अनिवार्य आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,

११. शैक्षिक उपलब्धीको आधारमा शिक्षक एवं बिद्यालयलाई पुरस्कृत गरिनेछ,

१२. बार्षिक रुपमा एक पटक सिकाई उपलब्धी मापन गरिनेछ। सोका आधारमा निरन्तर मूल्याङ्कन प्रणाली (Continuous Assessment System) लागू गरिनेछ,

१३. बिद्यालयहरुले बर्षमा कम्तीमा २ पटक अभिभावक भेला बोलाउनु पर्ने नीति अवलम्बन गरिनेछ,

१४. ज.मा.वि. तिनकोनीमा प्राबिधिक बिद्यालय *(Polytechnic School)* स्थापना गरि आगामी आर्थिक बर्षबाट थप विषयहरुको पठन पाठन शुरुवात गरिनेछ, साथै विद्यालयहरुमा प्राविधिक कक्षा सञ्चालन गरिनेछ।

१५. प्राविधिक विद्यालय संचालन गर्न विद्यालयलाई विशेष अनुदान सहयोग गरिनेछ,

१६. दलित तथा बिपन्न समुदायका बालबालिकाको शैक्षिक गुणस्तर सुधार गर्न त्यस क्षेत्रका बिद्यालयहरुमा विशेष तथा थप कक्षा संचालनका लागि अनुदान दिइनेछ,

१७. स्थानीय भाषाको प्रवर्द्धन गर्न स्थानीय भाषामा पाठ्य सामाग्री तयार गरी पठनपाठन गर्ने कार्यका लागि समुदायलाई प्रोत्साहन गरिनेछ,

१८. विद्यालयमा रहेका बालक्लबलाई थप व्यवस्थित गरिनेछ,

१९. महिनावारीका कारण छात्राहरु कक्षामा अनुपस्थित हुने अवस्थालाई अन्त्य गरी विद्यालयमा नै छात्रामैत्री शौचालय एवम् निःशूल्क स्यानेटरी प्याडको व्यवस्था गरिनेछ,

२०. सबै विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरी नियमित रुपले साबुन पानीले हात धुने व्यवस्था लागू गरिनेछ,

२१. वडा कार्यालयको सिफारीसको आधारमा वालवालिकालाई विद्यालय नपठाउने व्यक्तिहरुलाई नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारिसहरु) बाट बञ्चित गर्ने नीतिलाई निरन्तरता दिइनेछ,

२२. नगरपालिका भित्रका विद्यालयका लागि नगरको विभिन्न पक्ष समेटी स्थानीय पाठ्यक्रम *(Local Curriculum)* तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ,

२३. मातृभाषामा अध्ययन अध्यापन गराउने विद्यालयलाई प्रोत्साहनको नीति लिईनेछ,

शिव शंकर महतो
नगर प्रमुख

२४. सबै विद्यालयहरुले बार्षिक-मासिक पाठयोजना *(Annual-Monthly Study Plan)* बनाई सोही बमोजिम शिक्षण गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ,

२५. नगरपालिका भित्र बसोबास गर्ने सिमान्तकृत मुसहर, डोम लगायतका समुदायका बालबालिकाहरुलाई विद्यालय पढ्न आकर्षित गर्न सामूहिक ट्युसन कक्षाको निरन्तरता गरिनेछ,

२६. नगरभित्र रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरीजवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फूटन गर्ने कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ,

२७. विद्यालयको खाजा कार्यक्रमलाई वास्तविक विद्यार्थी संख्याको आधारमा व्यवस्थित गर्दै लगिनेछ,

२८. नगर भित्रका सबै विद्यालयमा रंगरोगन गर्दा एकरुपता *(Uniform Pattern)* हुनेगरी गर्ने व्यवस्थालाई कार्यान्वयनमा लगिनेछ,

२९. नगरभित्रका विद्यालयको परीक्षालाई नगरस्तरीय बनाई व्यवस्थित गरिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ,

३०. प्रारम्भिक बालविकास केन्द्र *(Early Child Development Center)* को भौतिक पूर्वाधार व्यवस्थापनका लागि प्राथमिकता दिईनेछ,

३१. नगर क्षेत्रका विद्यालयका प्रधानाध्यापकसंग कार्यसम्पादन सम्झौता गरी सोलाई मूल्यांकनको आधार बनाउने कामको शुरुवात गरिनेछ,

३२. सबै सरकारी विद्यालयमा वर्षमा कम्तिमा एकपटक सबै विद्यार्थीको स्वस्थ्य परीक्षण गर्ने कार्यको थालनी गरिनेछ,

३३. निजी विद्यालयको विद्यार्थी शूल्क निर्धारण नेपाल सरकारको मापदण्ड भित्र रहेर गर्ने एवं तोकिएको भौतिक/शैक्षिक पूर्वाधार पूरा भएका निजी विद्यालयलाई मात्र कक्षा स्तरोन्नतिको स्वीकृति दिइने नीतिलाई निरन्तरता दिईनेछ,

३४. निजी विद्यालयहरुलाई सरकारले तोकेको गरीव विपन्न तथा सिमान्तकृत समुदायको कोटा अनिवार्य रुपमा पूरा गर्नु पर्ने व्यवस्थालाई कडाइका साथ पालना गराइनेछ,

३५. फरक क्षमता भएका र दृष्टिबिहीन बिद्यार्थीहरुलाई उच्च शिक्षा हासिलका लागि बिशेष छात्रबृत्तिको व्यवस्था गरिनेछ,

३६. बिद्यालय व्यवस्थापन समितिको बैठकमा बिद्यार्थी समेत सहभागी हुने व्यवस्थालाई निरन्तरता दिईनेछ,

३७. रिक्त शिक्षक पदहरुको पूर्तिका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ,

३८. विद्यालयहरुमा हरित विद्यालय *(Green School)* को अवधारणा विकास गरी विद्यालय हाता भित्र वृक्षारोपण तथा बगैंचा निर्माणको कार्यक्रम अगाडि बढाईनेछ। यसका लागि विद्यालयमा रहेका बाल क्लबहरुलाई थप व्यवस्थित बनाई परिचालन गरिनेछ,

३९. विद्यालयहरुको लेखा तथा जिन्सी व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाईनेछ,

४०. विद्यालयमा विद्यार्थीको भर्ना दर, टिकाउ दर र सिकाई गुणस्तर वृद्धिको लागि "नगर प्रमुख अभिभावक" शिक्षा कार्यक्रम संचालन गरिनेछ,

४१. बिद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरिक्षण र सुपरिवेक्षण कार्य निरन्तर गरिनेछ।

४२. मिति २०७८/०२/२० गतेको नेपाल सरकार अर्थ मन्त्रालयको मार्गदर्शन पत्र बमोजिम स्थानिय तहबाट व्यवस्थापन हुदै आएका प्रराम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका कर्मचारीकोलागि न्यूनतम मासिक पारिश्रमिक रु.१५ हजार निर्धारण गर्ने जसमा संघीय सरकारबाट ८ हजार प्रति महिना शर्सत अनुदानमा मात्र कायम गरेकोमा बाँकी बजेट रकमको लागि संघीय सरकारलाई आवश्यक थप बजेट व्यवस्था मिलाइदिन ताकेता तथा पत्रचार गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

४३. नगरबाट सञ्चालीत *CTEVT* को साझेदारीमा योग तथा नेचुरोप्याथी (डिप्लोमा) कक्षालाई प्रभावकारी सञ्चालन व्यवस्थापन कार्यलाई निरन्तर गरिनेछ,

४४. नगरपालिका अन्तर्गतका सबै वडाहरुमा र विद्यालयहरुमा योग केन्द्र स्थापना गर्न पहल गरिनेछ,

४५. दलित असाय, विपन्न परिवारका बालबालिकाहरुको छुट्टै आवासिय विद्यालयको व्यवस्थापन गरिनेछ,

४६. दुरदरारमा रहेका सामुदायिक विद्यालयमा विद्यार्थीहरुलाई विद्यालय सम्म ल्याउनको लागि यतायातको व्यवस्थापन गरिनेछ,

४७. सामूदायिक विद्यालयहरुमा घेरावारको व्यवस्था गरिनेछ,

४८. सामूदायिक विद्यालयहरु मध्ये उत्कृष्ट विद्यालय तथा प्र.अ./शिक्षक/कर्मचारी/वि.व्य.स.लाई प्रोत्साहित गरिनेछ,

४९. सामूदायिक विद्यालयमा कार्यरत शिक्षकहरुबाट रोष्टर बनाई शैक्षिक कार्यहरु गरिनेछ,

५०. नगर स्तरीय नमूना विद्यालय कार्यक्रम लगायत सामूदायिक विद्यालयहरुमा *Digital Literacy* कार्यक्रम र विद्यालय खानेपानी, शौचालय तथा स्वच्छ अभियान कार्यक्रम लगायत बाल मनोपरामर्स र किशोरी संजाल सम्बन्धी कार्यक्रम गरिनेछ,

५१. नगरपालिका भित्र रहेका समूदायिक विद्यालयहरुमा रिक्त रहेका दरवन्दी पद पूर्ती गरी प्रभावकारी तरवले अध्ययन अध्यापन गराउनको लागि स्वमं सेवक शिक्षक भर्ना कार्य गरिनेछ, साथै विद्यालयको शैक्षिक स्तर मापन गर्ने पद्दतीको अवलम्वन गरिनेछ र उतकृष्ठ विद्यालयका वि.व्य.स.अध्यक्ष र प्र.अ.लाई समान स्वरुप पुरुस्कृत गरिनेछ,

५२. एस.ई.ई. परीक्षा दिई बसेका विद्यार्थीहरुलाई प्रविधि मूलक शिक्षा अध्ययन गर्नको लागि निःशूल्क प्रवेश परीक्षाको साथै कम्प्यूटर तालिमको व्यवस्था मिलाईने छ।

### ४.४.२. स्वास्थ्य

१. स्वास्थ्य सेवामा गुणस्तर अभिवृद्धि गर्दै सबै नागरबासीमा समान पहुँच पुऱ्याउने नीतिलाई निरन्तरता दिईनेछ,

२. सबै स्वस्थ्य चौकीहरुमा निःशूल्क औषधीको व्यवस्था गरिएकोमा यसको मात्रालाई क्रमशः बढाउँदै लगिनेछ र आर्यूवेद केन्द्र स्थापना गरिनेछ।

३. नगरपालिकाले लिएको *No More Home Delivery* नीतिलाई निरन्तरता दिई *Institution Delivery* लाई शतप्रतिशतमा पुर्याईनेछ,

४. *No More Home Delivery* कार्यक्रम अन्तर्गत प्रोटोकल अनुसार आठ पटक गर्भवती जाँच गर्ने आमालाई प्रोत्साहन स्वरुप प्रति व्यक्ति प्रति पटक रु.५००।- का दरले जम्मा रु.४,०००।- (चार हजार) वितरण गरिनेछ,

५. महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर जाँच गर्नका लागि *PAP Smear* को सेवा उपलब्ध गराईनेछ,

६. नयनपुर अस्पतालमा एक्स-रे, फार्मेसी तथा थप चिकित्सक ब्यवस्था गरि चिकित्सकीय क्षमता बढाईनेछ,

७. "***स्वस्थ बनौं स्वस्थ समाजको निर्माण गरौं***" भन्ने नारालाई साकार बनाउन योग केन्द्र स्थापना तथा सरसफाई सम्बन्धी क्रियाकलाप लाई अभियानको रुपमा संचालन गरिनेछ,

८. नगरपालिकाको नयनपुर अस्पतालमा २४ सै घण्टा आकष्मिक सेवा निःशुल्क संचालन भैरहेकोमा यसलाई थप प्रभावकारी बनाईनेछ,

९. स्वास्थ्य बीमा कार्यक्रमलाई नेपाल सरकारको घोषणा अनुसार सबै नगरवासीमा पुऱ्याउन सचेतना वा जागरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ,

१०. सार्वजनिक निजी साझेदारी *(Public Private Partnership)* मा अस्पताल स्थापना र सञ्चालन कार्यलाई प्राथमिकतामा राखिनेछ,

११. नगर क्षेत्रमा सुत्केरी गराउन हाम्रो नगरको नागरिकलाई वर्थिङ्ग सेन्टर तथा अस्पताल सम्म पुऱ्याउने निःशूल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ।

शिव शंकर महतो
नगर प्रमुख

१२. **"हाम्रो व्यवहार स्वस्थ परिवार"** भन्ने नारालाई सफल पार्न आगामी आर्थिक बर्ष भित्र सबै वडाहरुमा आधारभूत स्थास्थ्य सेवा केन्द्र स्थापना गरि संचालनमा ल्याईनेछ,

१३. शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र बिपन्न परिवारलाई विशेष सहुलियत सहितको स्वास्थ्य उपचारको ब्यबस्था मिलाईनेछ,

१४. नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा नगर क्षेत्रमा ब्लड बैंक स्थापना गर्न पहल गरिनेछ,

१५. महिला, बालबलिका तथा जेष्ठ नागरिकको स्वास्थ्य जाँचका लागि स्वास्थ्य शिबिर *(Health Camp)* संञ्चालन गरिनेछ,

१६. स्वास्थ्य कर्मीहरुको क्षमता बिकासका तालिम कार्यक्रम संचालन गरिनेछ,

१७. स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुधार गर्दै प्रबिधि मैत्री बनाउदै लगिनेछ,

१८. स्वास्थ्य क्षेत्रको सूचना तथ्यांकलाई केन्द्रीय स्वास्थ्य सूचना प्रणाली (*HMIS*) मा आवद्ध गरी छुट्टै *HMIS Desk* स्थापना गरिनेछ,

१९. महिला स्वास्थ्य स्वयंसेविका *(Female Community Health Volunteer, FCHV)* हरुलाई प्रोत्साहनको लागि कार्यक्षमतामा आधारित प्रोत्साहन प्रणालीको ब्यवस्था गरिनेछ,

२०. नगर क्षेत्र भित्र भौतिक पूर्वाधार निर्माण गरी प्रयोगशालाको सुविधा सहितको गुणस्तरीय स्वास्थ्य सेवा दिईनेछ। साथै, सबै स्वास्थ्य चौकीहरूमा क्रमशः बर्थिङ् सेन्टर स्थापना गर्ने नीति अवलम्बन गरिनेछ,

२१. नगरपालिकाको वडा नं. १० मा रहेको प्राकृतिक अस्पताल भवनको निर्माण कार्यलाई आगामी आर्थिक बर्ष भित्र पूर्णता दिई संचालन गरिनेछ र मधेश प्रदेशको प्राकृतिक अस्पतालको रुपमा विकास गर्नका साथै प्रदेश संग साझेदारी गरिनेछ,

२२. क्यान्सर, मुटुको भल्भ फेर्ने, मृगौला खराब भएको बिरामीलाई नेपाल सरकारले उपलब्ध गराउने औषधी उपचार सहयोगका अतिरिक्त नगरबाट यातायात खर्च स्वरुप प्रति बिरामी एक पटकलाई रु ५०००।- (अक्षरेपी पाँच हजार रुपैया) उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ,

२३. नगर क्षेत्र भित्र संचालनमा रहेका निजी अस्पताल तथा क्लिनिकहरुको नियमन तथा अनुगमन प्रभावकारी बनाउन निर्देशिका तर्जुमा गरी लागू गरिनेछ, साथै समुदायिक स्तरमा सञ्चालित अस्पतालहरुलाई नगरपालिकाबाट अनुगमन गरी आवश्कता तथा औचीत्यको अध्ययन गरी आवश्यक सहयोग गरिनेछ,

२४. नगरपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रम *(Multi Sectoral Nutrition Plan, MSNP)* लाई थप प्रभावकारी बनाइनेछ,

२५. अति आवश्यक औषधी खरिद गरिने नयनपुर अस्पताल, प्राकृतिक अस्पताल, पाँच वटा स्वास्थ्य चौकी र दुई वटा आधारभूत स्वा. सेवा केन्द्रको साथै नयाँ ६ वठा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालनको लागि तथा तिन वटा वर्थिङ्ग *(Birthing Centre)* संचालन गरिनेछ,

२६. नियमित खोप तथा गाँउघर क्लिनिक व्यवस्थापनको निम्ती घर भाडामा लिएर आवश्यक औजार तथा आवश्यक उपकरण खरिद गरिनेछ,

२७. न्यूनतम सेवा मापदण्ड निर्देशिका अनुसुचिहरु अनुसार प्रत्येक स्वास्थ्य संस्थामा औजार, उपकरण, फर्निचर तथा अन्य सामाग्रीहरु खरिद तथा व्यवस्थापन र संक्रमण रोकथामका सामाग्रीहरु खरिद साथै अर्धवार्षिक स्वा.संस्थाहरुको क्रियाकलापहरुको गुणस्तरिय कार्यक्रम मापदण्ड गर्ने,

२८. प्रत्येक स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने अनुसुची रजिष्टर ओ.पि.डी. टिकट सहित सामाग्री छपाईं गर्ने,

२९. शुभकामना कार्यक्रम मार्फत विपन्न, पछाडी परेको तथा सेवा लिन छुटेकाहरुलाई सेवामा ल्याउन र निगरानी संस्थाहरुमा संचार सेवा व्यवस्थापन गर्ने,

३०. जेष्ठ नागरिकहरुलाई अर्ध वार्षिक रुपमा २ पटक स्वास्थ्य जाँच तथा आवश्यक औषधी र पोषण तत्व वितरण गरिनेछ,

३१. नगर भित्रका आँखा सँग सम्बन्धित बिरामीहरुको उपचारको लागि आँखा जाँच शिविर सञ्चालन गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

३२. सुत्केरीहरुलाई पोषणयुक्त खाध्यान्न वितरण तथा स्वा.शिक्षा तथा पुर्ण परिक्षण गरिनेछ।

### ४.४.३. खानेपानी तथा सरसफाई

१. नगरपालिकाबाट सञ्चालन गरिने खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमलाई प्रदेशबाट सञ्चालित **"मुख्यमन्त्री स्वच्छता अभियान"** संग आबद्ध गरिनेछ,

२. नगरपालिकाको १० वर्षीय खानेपानी, सरसफाइ र स्वच्छता योजना *(WASH-Plan)* अनुसार सबै सरोकारवालाहरु र विकास साझेदार संस्थाहरुलाई योजनाको लक्ष्य पूरा गर्न एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिनेछ,

३. दिगो विकास र नेपाल सरकारको विकास लक्ष्यलाई पूरा गर्नका लागि खानेपानी सुविधामा पहुँच नभएका नागरिकहरुको पहिचान गरी खानेपानी सुविधा निर्माण गर्ने, पानी श्रोत सुरक्षा *(Water Body Protection)* योजना लागू गर्ने नीति लिइनेछ,

४. संस्थागत सरसफाइ (विद्यालय/बालविकास केन्द्र र स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी सरसफाइ) सुविधा सुनिश्चित गर्दै लगिनेछ,

५. समुदाय स्तरमा सरसफाइ र स्वच्छता अभियान सञ्चालन गर्न यसलाई सामाजिक रुपान्तरणको महाअभियानसंग आबद्ध गरिनेछ,

६. शुद्ध तथा गुणस्तरीय खानेपानी सुबिधालाई मौलिक हकको रुपमा सुनिश्चित गरिनेछ,

७. शुद्ध खानेपानीका लागि *Arsenic & Chloroform* जाँच गर्ने कार्यलाई निरन्तरता दिईनेछ,

८. खानेपानी सुबिधाको अभाव भएको वडा नं.१३ र १४ मा पानीको बैकल्पिक स्रोतको रुपमा ईनार तथा पानीको मुहानहरुको संरक्षणका लागि बिशेष पहल गरिनेछ,

९. नगरपालिकामा संचालनमा रहेको सबैका लागि खानेपानी तथा सरसफाईमा तीव्रता *(ASWA-2)* कार्यक्रमलाई निरन्तरता दिई यसलाई सामाजिक रुपान्तरणको महाअभियान संग आवद्ध गरिनेछ,

१०. हाल निर्माण भएका सार्वजनिक शौचालयहरुलाई ब्यवस्थित गर्दै बजार चोकहरुमा थप सार्वजनिक शौचालयहरु निर्माण गरिनेछ,

११. **"पूर्ण सरसफाईको अवलम्बन, स्वस्थ जीवनको अभियान"** भन्ने नाराका साथ पूर्ण सरसफाईका लागि ब्यवहार परिवर्तनको कार्यक्रम संचालन गरिनेछ,

१२. वडा नं ८, ९, १२ र १३ मा निर्माणाधिन खानेपानी योजनाहरु आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्नका लागि सम्बन्धित निकाय संग समन्वय गरिनेछ,

१३. नगर क्षेत्रलाई प्लाष्टिक मुक्त बनाउनका लागि प्लाष्टिक झोलाको प्रयोगलाई निषेध गर्दै लगिनेछ,

१४. युनिसेफ संगको खानेपानी तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिन नगरपालिकाबाट पनि लागत सहभागिताको लागि आवश्यक रकम विनियोजन गरिने छ।

नेपाल सरकारले दिगो विकास लक्ष्य लाई अनुमोदन गरेको, नेपालको संबिधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको ब्यबस्था गरेको, २०७६ साल आश्विन १३ गते (३० सेप्टेम्बर २०१९) को दिन राष्ट्रलाई नै खुलादिसा मुक्त घोषणा गरीपूर्ण सरसफाइ अभियान सञ्चालन भैरहेको र बिभिन्न महामारीको अवस्था र आवश्यकता लाई मध्य नजर गरी खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि निम्नलिखित नीति तथा कार्यकम तय गरिएको छ।

**खानेपानी**

खानेपानी सुविधा भएका स्थानहरुमा खानेपानी गुरणस्तर सुनिश्चित गर्न पालिका तहमा खानेपानी गुरणस्तर जाँच गर्ने मिनील्यावको स्थापना गरिने छ भने आधारभूत खानेपानी सुविधा भएका वस्तीहरुमा सुरक्षित खानेपानी समुदाय घोषणा गरिदै लगिनेछ भने आधारभूत खानेपानी सुविधा नभएका समुदायहरुमा खानेपानी योजनाहरुको मर्मत सम्भार एवं नयाँ योजनाहरु निर्माण गरिनेछ।

शिव शंकर महतो
नगर प्रमुख

**सरसफाइ**

यो पालिकाबि.सं २०७६ सालमा खुला दिसामुक्त भएको सन्दर्भमा सबै संघसंस्था र सामुदायिक संस्थाहरुको समेत सहभागितामा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ। यस अभियान अन्तर्गत घरधुरीका शौचालयहरुको पूर्ण प्रयोग, मर्मत सम्भार, कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र सामुदायिक स्थानहरुमा साबुन पानीले हातधुने सुविधा सहित शौचालयहरुको सुनिश्चितता गरिदै लगिनेछ। विद्यालय तथा समुदायहरु मार्फत समुदायको सहभागितामा सरसफाइ अभियान सञ्चालन गरी व्यबस्थित अनुगमनको आधारमा खुला दिसामुक्त अवस्थालाई कायम राख्न सफा समुदाय घोषणा गरिदै लगिनेछ।

**स्वच्छता**

बिभिन्न महामारीलाई समेत ध्यान दिदै घरहरुमा, कार्यालयहरुमा, विद्यालयहरुमा, स्वास्थ्य स.स्थाहरुमा, व्यपार, व्यबसाय र पसलहरु सञ्चालन गरको स्थानहरुमा साबुन पानीले हातधुने सुविधाको सुनिश्चितता निजी, सामुदायिक र व्यक्तिहरुको समेत साझेदारी साबुन पानीले हातधुने सुविधा सुनिश्चित गरिनेछ।
खानेपानी, सरसफाइ र स्वच्छता सुविधा निर्माण गर्दा यस पालिकामा हुने गरेका विपदलाई मध्यनजर गर्दै बाल, अपांग र लैगिमैत्री सुविधाको सुनीश्चत गरिनेछ। त्यस्तै यस पालिकाले मास्कनिर्माण, ह्यान्ड स्यानीटाइजर निर्माण र पलम्विग सम्बन्धी तालिमहरु सञ्चालन गरी आयमूलक कार्यहरुको अवसर समेत सृजना गरिनेछ।
माथि उल्लेखित खानेपानी, सरसफाइ र स्वच्छता नीति तथा कार्यकमको व्यबस्थित कार्यान्वनको लागि १० वर्षीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई मुख्य आधार लिइने छ।

### ४.४.४. यूवा, खेलकुद तथा मनोरञ्जन

१. नगरपालिकामा खेलकुदको सर्वांगिण विकासका लागि धनगढीमाई नगरपालिका स्तरीय नगर खेलकुद विकास समिति गठन गरिएकोमा खेलकुद क्षेत्रको प्रवर्द्धनका लागि यस समितिलाई सक्रिय बनाईनेछ,
२. नगरपालिकाको वडा नं १२ मा रंगशाला निर्माणको सम्भाव्यता अध्ययन भैरकेकोले आगामी आर्थिक बर्ष भित्र रंगशाला निर्माण कार्यको थालनी गरिनेछ। यसको लागि प्रदेश तथा संघीय सरकार संग समन्वय र सहकार्य गरिनेछ,
३. वडा नं. ९ मा निर्माण भैरहेको निर्मल लामा स्मृति कवर्डहललाई पूर्णता दिई संचालन गरिनेछ,
४. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुद प्रति आकर्षण गर्न विद्यालयहरुलाई खेलकुद सामाग्री दिने तथा खेल मैदानको स्तरोन्नती गर्ने नीतिलाई निरन्तरता दिईनेछ,
५. नगरपालिकाको १४ वटै वडामा खेलकुद लगायत बहुउद्देश्यीय युवा क्लब गठन गरिनेछ। ती युवा क्लबहरुलाई निश्चित अनुदान रकम उपलब्ध गराई सामाजिक विकासका अरु क्षेत्रमा आम युवाका सहभागिता सहितको कार्यक्रम परिचालनमा प्रोत्साहन गरिनेछ,
६. नगरपालिका भित्रका सबै विद्यालयहरुलाई खेलकुद सामाग्री वितरण एवं खेल प्रशिक्षण कार्यक्रम सञ्चालनको व्यवस्था क्रमशः मिलाईनेछ,
७. नगर भित्र खेलकुदको प्रवर्द्धन गरी युवाहरुलाई नैतिकवान बनाउनका लागि बार्षिक रुपमा नगर स्तरीय "मेयर कप" संचालन गरिनेछ,
८. वडा स्तरमा छनौट भएका खेलाडीहरुलाई राष्ट्रिय स्तरको खेलाडीको रुपमा बिकास गरिनेछ,
९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता नगर भित्रका खेलाडीलाई विशेष सम्मान तथा नगद पुरस्कार सहित जीविकाका लागि बैकल्पिक व्यवस्थाको पहल गरिनेछ,
१०. नगरमा खेलकुद, नृत्य र योग शिक्षकको नियुक्ती गरी प्रत्येक स्कूलमा सो-सम्बन्धी कक्षा सञ्चालन गरिनेछ।

### ४.५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. बिपन्न, महिला तथा पछाडि पारिएका वर्ग तथा समुदायको क्षमता अभिबृद्धि गरि व्यवहार परिवर्तन गर्नका लागि सामाजिक रुपान्तरणको महाअभियान संचालन गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

२. विकासका अवसरहरुबाट पछाडि परेका नगर भित्रका भौगोलिक क्षेत्रहरुको पहिचान गरि विशेष कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ,
३. मधेशी, मुस्लीम तथा पिछडा वर्ग एवम् अल्पसंख्यक समुदायको हक हितको संरक्षण, सम्वर्द्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य, धर्मलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ,
४. यौनिक तथा लैंगिक रुपमा अल्पसंख्यक समूदायको हक हित संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ,
५. विपन्न खस आर्य समुदायलाई मूलप्रवाहमा ल्याउनको निमित्त विशेष व्यवस्था गरिनेछ।

### ४.५.१. महिला

१. महिलाको मौलिक हक अधिकार एवं सशक्तीकरणको लागि विकासका लागि सचेतनामूलक एवं सीप वृद्धि कार्यक्रमहरु संचालन गरिनेछ,
२. महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, वालविवाह, अनमेल विवाह दहेज प्रथा जस्ता सामाजिक समस्याहरुलाई न्यूनीकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाउन सबै वडा कार्यालयमा यस सम्बन्धी अलग्गै डेस्क बनाइनेछ,
३. नगरपालिकाले एकल महिलाहरुको संरक्षण र सुरक्षा गर्ने नीति अवलम्बन गर्नेछ। जसका लागि नगरपालिकाकाले एकल महिला कोष खडा गरी आत्मनिर्भर तथा स्वरोजगारमूलक कार्यक्रम संचालनका लागि कार्यक्रमको प्रकृति र प्रभावकारिता हेरी अनुदान दिने नीति अबलम्बन गरिनेछ,
४. गाउँस्तरमा महिला सहकारी तथा समूहहरु स्थापना गरी महिलाहरुको आय-आर्जनमा वृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ,
५. सरोकारवालाहरुलाइ किशोर किशोरी मैत्री स्वस्थ्य सेवाको महत्वको बारेमा अभिमुखीकरण गरिनेछ,
६. बृहत पोषण लक्षित कार्यक्रमको स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकालाई तालिम संञ्चालन गरिनेछ,
७. महिलाको क्षमता अभिबृद्धिका लागि सिपमुलक, चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ,
८. लैङ्गिक हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न लैङ्गिक हिंसा राहत कोषको व्यवस्था गरिनेछ।

### ४.५.२. बालबालिका

१. बालश्रम, बालशोषण, बालबिबाह र बालहिंसा न्यूनीकरण गर्न यस सम्बन्धी कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,
२. बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र बालबालिकाको लागि गरिने निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता गराउनका लागि नगरबाट विशेष पहल गरिनेछ,
३. बाल विवाह निरुत्साहित गर्न विवाह अघि अभिभावक वा संरक्षकले अनिवार्यरुपमा वडा कार्यालयबाट जन्म मिति प्रमाणित गर्नु पर्ने व्यवस्था लागू गरिनेछ,
४. नगरपालिकालाई बालमैत्री नगर बनाई जेष्ठ पुस्ता र भावि पुस्तासँग ज्ञान साटासाट कार्यक्रम लागु गरिनेछ,
५. नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ,
६. बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरिनेछ,
७. बाल क्लब र बाल संञ्जालहरु मार्फत बालबालिकाको चेतना अभिबृद्धि गरिनेछ,
८. "बालबालिका भोलिका कर्णधार मात्र नभएर आजका साझेदार हुन्" भन्ने नीति अवलम्बन गरिनेछ,
९. विद्यालयमा भर्ना भएका छात्राहरुको विद्यालय छाड्ने दर *(School Drop Out Rate)* लाई न्यूनीकरण गर्न वडा मार्फत चेतना तथा सशक्तिरणका कार्यक्रम सञ्चालन गरिनेछ,
१०. बालक्लब गठन र सञ्चालनका लागि कार्यविधि बनाई वडा कार्यालय मार्फत बालक्लब गठन र सञ्चालन गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

११. नगरका विभिन्न स्थानमा स्थानीय नागरिक र सार्वजनिक नीजि साझेदारीमा बाल उद्यान निर्माण गरिनेछ। यस प्रकारका बाल उद्यान निर्माणमा नीजि तथा सामुदायिक विद्यालयको सहकार्यलाई प्राथमिकता दिईनेछ,

१२. प्रारम्भिक बालविकास केन्द्र (Early Child Development Centre) हरुको स्तरोन्नति गरिनेछ।

### ४.५.३. जेष्ठ नागरिक

१. सबै वडाहरुमा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको कार्यलाई निरन्तरता दिईनेछ,

२. ८० वर्ष उमेर नाघेका जेष्ठ नागरिक र पूर्ण/अति अशक्त अपांगहरुलाई घरदैलोमा भत्ता पुर्याउने व्यवस्था गरिनेछ,

३. जेष्ठ नागरिकको अभिलेख संकलन र परिचय-पत्र वितरण कार्यलाई सरल सहज र व्यवस्थित बनाउन वडा मार्फत परिचय-पत्र बितरण गरिनेछ,

४. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको अभिलेखलाई *Online Entry* गरि सकिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ,

५. जेष्ठ नागरिक हरुको समय व्यवस्थापन र मनोरञ्जनका लागि दिवा सेवा केन्द्रको स्थापना गरिनेछ,

६. जेष्ठ नागरिक दिवसका दिन नगरपालिका क्षेत्रमा रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गरि जेष्ठ नागरिक आशिर्वाद महासभाको आयोजना गरिनेछ,

७. कम्तिमा बर्षमा २ पटक घर दैलोमै गई जेष्ठ नागरिकहरुको स्वास्थ्य जाँच गर्ने ब्यवस्था मिलाईनेछ,

८. नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा जेष्ठ नागरिकहरुलाई स-सम्मान पहिलो प्राथमिकता दिईने छ।

### ४.५.४. दलित विकास तथा सशक्तीकरण कार्यक्रमः

१. मधेस प्रदेश सरकारको दलित सशक्तिकरण ऐन, २०७६ अनुसार पालिकामा गठित **"स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन समिति"** लाई व्यवस्थापन तथा परिचालन गरी समाजमा रहेको कुप्रथा (जातीय छुवाछूत, बालविवाह, महिला हिंसा, दहेज प्रथा) विरुद्ध जनचेतनामूलक अभियान संचालन, जातीय विभेद विरुद्ध मौजुदा कानुननी तथा नीतिगत व्यवस्थाको विषयमा समुदाय स्तरीय जागरण अभियान संचालन ।

२. पालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्यको क्षमता विश्लेषण गरी उनीहरूको जिम्मेवारी, भूमिका र काम कर्तव्य अधिकारका साथै कानूनी र नीतिगत व्यवस्था बारे आवश्यकताका आधारमा क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

३. दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै उद्योगको रुपमा बिकास गर्ने नीति अवलम्बन गरिनेछ,

४. जातिय छुवाछुत एवं भेदभाव बिरुद्धको कानूनलाई कडाईका साथ लागू गरि सामाजिक रुपान्तरणको महा अभियानमा यसलाई आबद्ध गरिनेछ,

५. विपन्न दलितबस्ती पहिचान गरी नमूनाबस्ती बिकास कार्यक्रम क्रमश कार्यान्वयन गरिनेछ,

६. जातिय बिभेद र उत्पीडनका बिरुद्ध समानता, बन्धुत्व र मानवता कायम गर्न सहभावमुलक कार्यक्रम सञ्चालन गरिनेछ,

७. दलित तथा सिमान्तकृत समुदायको सशक्तीकरण र क्षमता विकासमा विशेष जोड दिईनेछ,

८. नगरक्षेत्र भित्र छुवाछूत, जातीय भेदभावलाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरु तय गरी लागू गरीनेछ,

९. सबै दलित बस्तीहरुमा सडक, खानेपानी र बिद्युतीय सेवा अनिवार्य रुपमा प्रवाह गरिनेछ,

१०. नीजि विद्यालयहरुमा अध्ययनरत दलित विद्यार्थीलाई २५ प्रतिशत विधार्थीहरुलाई निःशुल्क अध्ययन गराउनु पर्ने व्यवस्था गरिनेछ,

११. विपन्न दलित असाह्य परीवारलाई सुरक्षित घर आवास योजनाको कार्यक्रमलाई अगाडी बढाइनेछ।

शिव शंकर महतो
नगर प्रमुख

### ४.५.५. आदिवासी जनजाति

१. सदियौं देखि नगर क्षेत्र भित्र बसोबास गरि आएका आदिवासी जनजातिहरुको भाषा संस्कृति र भेषभूषा संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ,
२. आदिवासी जनजातिको परम्परा देखि चलि आएको ज्ञान, शिप, भेषभूषा, भाषालिपि, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि जातिय संग्रहालय स्थापना गर्न पहल गरिनेछ,
३. *ILO Convention 169* र जलवायु परिवर्तन सन्धिमा उल्लेख भएका जनजातिहरुको हक अधिकारको सुनिश्चिततामा ध्यान दिईनेछ,
४. प्रत्येक बर्ष बिश्व आदिवासी तथा जनजाति दिवसलाई उत्सवको रुपमा मनाईनेछ।

### ४.५.६. अशक्त/अपांगता

१. नगरपालिकामा निर्माण हुने सम्पूर्ण भौतिक पूर्वाधारहरुलाई अपाङ्ग मैत्री बनाउने नीति लिइनेछ,
२. नगरपालिकाबाट प्रवाह हुने सेवामा अपांगता भएका नागरिकहरुलाई पहिलो प्राथमिकता दिईनेछ,
३. अपांगता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाइ लागू गरिनेछ,
४. नगरभित्र अपांगता भएका नागरिकहरुको लगत तयार गरी परिचय-पत्र वितरण गरिनेछ,
५. पूर्ण अपांगता भएका नागरिकहरुलाई निजले पाउने सामाजिक सुरक्षा भत्ता जनप्रतिनिधिद्धारा बैंक मार्फत निजहरुकै घरमा पुऱ्याईने व्यवस्था मिलाईनेछ,
६. अपांगता भएका नागरिकहरुलाई नगरपालिकाले जुनसुकै प्रकारका सिफारिस गर्दा वा व्यवसाय दर्ता वा नवीकरण गर्दा लाग्ने राजश्वमा ५० प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिईनेछ,
७. अपांगता भएका व्यक्तिहरुको लागि आवश्यकता अनुसार सहायक सामग्री *(Assistive Devices)* को व्यवस्था गरिनेछ,
८. अपांगता भएको व्यक्तिहरुको समिति गठन गरी सामुदायिक पूनर्स्थापना कार्यक्रम *(*Community Based Rehabilitation Program) मा आवद्ध गरिनेछ।

### ४.६. संस्कृति सम्पदा तथा पर्यटन प्रवर्द्धन

१. **"पर्यटन पूर्वाधारको विकास, धनगढीमाई समृद्धिको आधार"** भन्ने मूल नाराका साथ पर्यटन प्रवर्द्धन र विकास गर्न पर्यटन गुरु योजना *(Tourism Master Plan)* तयार गरिनेछ,
२. नगरपालिका भित्रका सम्भाव्य पर्यटनस्थलको पहिचान गरि पूर्वाधार विकासमा जोड दिईनेछ,
३. स्थानीय भाषा कला संस्कृतिको अध्ययन-अनुसंधान, संरक्षण र विकासमा जोड दिईनेछ,
४. नगर भित्र रहेका प्राचिन मठ मन्दिर गुठी तथा ताल तलैयाहरुको जिर्णोद्धार, स्तरोन्नति र संरक्षण गरिनेछ,
५. मैथिली साहित्यका महाकवी विद्यापतिका साहित्यिक कृतिलाई खोज गरी विद्यापति अध्ययन-अनुसन्धान केन्द्र स्थापना गरिनेछ,
६. नगर भित्र रहेका लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ, आर्टिष्ट तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रवर्द्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ,
७. नगरका बिभिन्न स्थानमा स्थानीय परम्परा तथा जातीय पहिचान झल्किने स्तम्भ निर्माण गरिनेछ,
८. पुरातात्विक महत्वका मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र ब्यबस्थापनको लागि प्रदेश सरकार र संघीय सरकार संग सहकार्य गरिनेछ,
९. नगरपालिकाको वडा नं. १४ को राईरैनीमा स्थापित मदन भण्डारी स्मृति पार्कलाई ऐतिहासिक पर्यटकीय स्थलको रुपमा विकास एवं प्रवर्द्धन गरिनेछ,
१०. वडा नं. १३ को दुरवीन डाँडा भ्यूटावर र ग्रीनरी पार्क निर्माण गरी मनोरम दृष्यावलोकनको सुविधाको व्यवस्था गरिनेछ,

शिव शंकर
नगर प्रमुख

११. वडा नं.३,५,९,१० र ११ मा रहेको राजदेवी मंदिर, देवीटोकी, दुर्गा मन्दिर लगायत विभिन्न मठ/मन्दिर, गुम्बा, मस्जिदको जिर्णोद्धार/नव निर्माण गरी पर्यटकीय महत्वको बनाईनेछ,

१२. ईतिहास कला संस्कृतिको अभिलेख गरिनेछ,

१३. प्राकृतिक सम्पदाले भरिएको र सजिएको वडा नं.१२, १३ र १४ को भु-भागहरुको पहिचान गरी संरक्षण, सम्वर्द्ध र पर्यटन क्षेत्रको रुपमा पर्वद्धन गरिनेछ,

१४. नगर भित्रका कृषि उत्पादन धार्मिक क्षेत्रको पहिचान झलकिने गरी वर्षको एक पटक धनगढीमाई महोत्सवको आयोजना गरिनेछ,

१५. धनगढीमाई नगरपालिकाको नामाकरण धनगढीमाई थानको नाउँबाट भएको थानलाई व्यवस्थित गरिनेछ।

## ४.७. गैर-सरकारी संघ-संस्था

१. संघ-संस्थाहरुको गठन, दर्ता, नवीकरण र संञ्चालन गर्ने गराउने कार्य धनगढीमाई नगरपालिकाको संस्था दर्ता ऐन बमोजिम नियमित रुपमा गरिनेछ,

२. नगरपालिका भित्र आफ्नो योजना कार्यक्रम संचालन गर्न गराउन चाहने गैर-सरकारी संघ-संस्थाहरुले नगरपालिकाबाट अनिवार्य अनुमति लिनुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ,

३. नगरपालिकाले तोकेको प्रथमिकता क्षेत्रमा काम गर्न चाहने संघ-संस्थालाई मात्र अनुमति प्रदान गरिनेछ,

४. नगर क्षेत्रमा संचालन गरिने बिभिन्न प्रकारका तालिम, सचेतनामूलक कार्यक्रम, बिशेष अभियानहरु संचालनका लागि स्थानीय गैर-सरकारी संस्थाहरुलाई प्राथमिता दिईनेछ,

५. नगरपालिकाका सबै वडाहरुमा टोल बिकास संस्था गठन गरि शुरुमा केहि प्रशासनिक अनुदान प्रदान गरिनेछ। आगामी बर्षदेखि वडा स्तरका योजना तथा कार्यक्रमहरु संचालनमा यीनलाई प्राथमिकता दिईनेछ,

६. कर सचेतना, वतावणीय सरसफाई तथा बिभिन्न किशिमका सचेतामूलक कार्यक्रम संचालन गर्नका लागि स्थानीय गैर-सरकारी संघ-संस्थाहरु संग सहकार्य गरिनेछ,

७. बिभिन्न सरकारी तथा गैर-सरकारी संघ-संस्थाको साझेदारीमा रोजगारमूलक तालिम, शिक्षा र प्रबिधि हस्तान्तरण कार्यक्रम अगाडि बढाइनेछ।

८. आगामी आ.ब.२०८०।०८१ मा पनि गैर सरकारी संस्थाहरु संग लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। सो को लागि पालिकाबाट गर्ने खर्चको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

## ४.८. पञ्जीकरण तथा सामाजिक सुरक्षा

१. हाल १४ वटा वडाहरुमा *Online System* बाट संचालन भैरहेको व्यक्तिगत घटना दर्ता प्रणालीलाई निरन्तरता दिई आगामी आर्थिक २०८०/०८१ भित्र शत प्रतिशत व्यक्तिगत घटना दर्ता गर्नका लागि नगरबासीहरुमा जनचेतना मुलक कार्यक्रमहरु गरिनेछ,

२. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको विवरण व्यवस्थापन सूचना प्रणाली *(MIS)* मा *Update* गर्ने कार्यलाई निरन्तरता दिइनेछ,

३. जेष्ठ नागरिक, एकल महिला, अपांग आदिले प्राप्त गर्ने सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउनका लागि प्रदेश सरकार संग समन्वय गरिनेछ,

४. जेष्ठ नागरिक तथा परिचय–पत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित र झन्झटमुक्त बनाउन वडाबाटै परिचय-पत्र बितरणको ब्यवास्था गरिने कार्यलाई निरनतरता दिने,

५. पुराना व्यक्तिगत घटनाका दर्ता किताब *Digitize* भई सकेको, व्यक्तिगत घटना पूर्ण रुपमा *Online System* मार्फत दर्ता भईरहेको छ। सामाजिक सुरक्षा भत्ता वितरण पूर्ण रुपमा बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी भई रहेको कार्यलाइ निरन्तरता दिइनेछ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तामा नागरिकको सहज पहुँच पुर्याउन तथा शत् प्रतिशत घटना दर्ता सुनिश्चित गर्न सूचना, सञ्चार तथा पहुँच अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ,

शिव शंकर मेहता
नगर प्रमुख

६. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण वडागत रुपमा नगरपालिकाको वेबसाईटमा राखिने कार्यकलाई निरन्तरता दिईनेछ,

७. यस नगरपालिकामा कार्यरत *MIS Operetor* र फिल्ड सहायकहरुलाई ६ महिना बराबरको पारिश्रमिक श्रोत साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ,

८. आ.ब.२०७९।०८० मा समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण नवीकरण गरि परिचय-पत्र जारी गरिनुको साथै सो को विवरण यस कार्यालयको वेवसाइट र *Facebook* मार्फत प्रकाशित गरिनेछ,

९. संघीय सरकारको प्रावधान बमोजिम स्थानीय तह समन्वय समिति, नगरपालिका गुनासो सुनुवाई समिति र वडा कार्यालयको गुनासो सुनुवाई समिति गठन गरी गुनासो व्यवस्थापनलाई प्रभावकारी तुल्याउनको लागि गठित समितिलाई नव निर्वाचित भएका जनप्रतिनिधहरुबाट पूनः गठन गरी कार्यान्वयनमा ल्याइनेछ,

१०. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी संचार अभियान, सचेतना मूलक सामाग्रीहरुको उत्पादन गरि कार्यक्रमहरु सञ्चालन जनचेतना जगाउने कार्य गरिनेछ।

## ४.९. पूर्वाधार विकास

### ४.९.१. सडक तथा भौतिक निर्माण

१. नगरस्तरीय सडक गुरुयोजना *(Municipal Transport Master Plan-MTMP)* लाई समसामयिक रुपमा परिमार्जन गर्दै लगिनेछ,

२. नगरका बिभिन्न वडाहरुमा प्रारम्भ गरिएको सडक बिस्तार एवं स्तरोन्नती कार्यलाई निरन्तरता दिई आगामी वर्षभित्र सबै वडाका मुख्य सडकहरुलाई कालोपत्रे गरी धुलो र हिलो मुक्त *(Dust & Mud Free)* बनाईनेछ,

३. सडक अधिकार क्षेत्र *(Right of Way)* मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ,

४. स्थानीय सार्वजनिक यातायात बस, ट्याक्सी र ट्याम्पो लगायतको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन गरिनेछ,

५. कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडकहरुलाई नियमित रुपमा बाह्रै महिना *(All Weather)* संचालन हुने ब्यवस्था गरिनेछ,

६. नगरपालिका भित्र निर्माण हुने केन्द्रीय तथा क्षेत्रिय सडकहरुको अनुगमन तथा नियमनको कार्यलाई प्रभाबकारी बनाइनेछ,

७. आगामी बर्ष भित्र सबै टोल र बस्तीमा सडक सञ्जाल पुऱ्याई सकिने छ,

८. बजार क्षेत्रमा सडक बिस्तार र कालो पत्रे गर्ने नीतिलाई निरन्तरता दिईनेछ,

९. नगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनका लागि निर्माण गरिएको सार्वजनिक जग्गा संरक्षण समितिलाई सक्रिय बनाईनेछ,

१०. नगर भित्रका सबै क्षेत्रमा बिद्युत लाईन बिस्तार गरि बिद्युत सुबिधा उपलब्ध गराईनेछ,

११. नगरपालिकाबाट निर्माण भएका भौतिक पूर्वाधार मर्मत सम्हारका लागि स्थापना गरिएको मर्मत सम्हार कोषमा पर्याप्त रकम बिनियोजन गरिनेछ,

१२. नगरपालिकाको क्षेत्र भित्र उपयुक्त स्थानमा बसपार्क निर्माण गर्ने कार्यलाई प्रदेश सरकारको समन्वयमा अगाडि बढाइनेछ,

१३. नगरपालिकाको निम्न स्थानहरुमा संघीय सरकार संगको समन्वयमा पक्की पुल/झोलुङ्गे पुल निर्माण गरिनेछः

क) सर्रे खोलाको ठटियामा

ख) सर्रे खोलाको सनेसटार

ग) खुट्टी खोलाको खुट्टी स्कूल नजीक

घ) खुट्टी खोलाको गढमे

ङ) महाजनी खोलाको महाजनी

शिव शंकर महतो
नगर प्रमुख

च) मडायन खोलाको आ.वि.मडायन

१४. नगरपालिकाको निम्न स्थानहरुमा विकास निर्माणको कार्य सञ्चालन गर्नको लागि मधेश प्रदेश सरकारसँग तपसिल अनुसारको योजनाहरु माँग गरिनेछ,

समपूरक तर्फः कृषिको लागि बोरिङ्ग र मोटर जडान कार्यक्रम, धनगढीमाई नगरपालिका, धनगढी, सिरहा।

विशेष तर्फः खानेपानीको लागि बोरिङ्ग र मोटर जडान कार्यक्रम, धनगढीमाई नगरपालिका वडा नं.११, १२ र १३ सिरहा।

शर्शत तर्फः ध.न.पा.११ प्रदिप श्रेष्ठको मिल घर देखि चिया पसलसम्म सड्क ढलान कार्य।

१५. ईलाका प्रहरी कार्यालय धनगढीको परिसरमा वाल कम्पाउण्ड र जिरोमाईलमा प्रहरी विटको व्यवस्था गरिनेछ,

१६. नगरपालिका भित्रका पुरानो कालो पत्रे सड्कहरुलाई मर्मत स्मभार कार्यको लागि बजेट व्यवस्थापन गरी मर्मत सम्भार गरिनेछ।

### ४.९.२. भवन तथा शहरी विकास

१. नगरपालिका गठन हुनु पूर्व निर्माण भएका लोड बोरिङ्ग ढलान तथा काडी पाटन र ईटालाई सिमेन्ट मसाला माटो जोडाई गरी बनेका जस्ता छाना भएका घरहरुको अभिलेखीकरणका लागि सूचना प्रकाशन गरि थप मौका प्रदान गरिनेछ। साथै २०७२ साल भन्दा पहिला बनेका घरहरुको अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ,

२. नगरपालिकाको वडा नं.१० मा नेपाल सरकार शहरी विकास मन्त्रालय संग समन्वय गरि बहुउद्देशीय व्यापारिक भवन *(Multipurpose Trade Complex)* निर्माणको लागि बिस्तृत परियोजना प्रस्ताव तयार भएकोले यसलाई कार्यान्वयनमा लगिनेछ,

३. नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाले कार्यालयका तर्फबाट गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानून बमोजिम सजाय समेत गरिने कार्यलाई निरन्तरता दिईनेछ,

४. घर भवन निर्माण गर्दा शहरी बिकास तथा भवन निर्माण आचार-संहिता, २०७२ लाई कडाइका साथ लागू गरिनेछ,

५. सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई नक्सा पास तथा अभिलेखीकरण गरिने छैन। यस्ता जग्गामा निर्मित संरचनाहरुलाई करको दायरामा ल्याईनेछ,

६. भवन निर्माण सम्पन्न प्रमाण-पत्र दिंदा आफ्नो घर परिसर भित्र अनिवार्य रुपमा कम्तिमा २ वटा रुख बिरुवा लगाउनु पर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ,

७. नगरपालिका तथा सम्वन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरिएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निर्माण अनुमति दिईने छैन,

८. बढ्दो जनसंख्या र नागरिकहरुको आकर्षणको केन्द्र शहर *(Urban)* भईरहेको कुरालाई मध्यनजर गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालय लगायतका सरकार मातहतका मन्त्रालय/निकाय संग समन्वय गरी एकिकृत शहरी विकासको लागि पहल गरिनेछ,

९. नगरपालिका क्षेत्रलाई भूकम्प जस्ता दैवी प्रकोपको क्षति न्यूनीकरण गर्न भूकम्प प्रतिरोधी भवन निर्माण तालिम आबश्यकताका आधारमा संचालन गर्ने नीति अबलम्बन गरिनेछ। साथै भूकम्प प्रतिरोधी तालिम लिएका निर्माण व्यवसायी संगको सम्झौता सहित घरनक्सा पासका लागि आवेदन दिने अनिवार्य व्यवस्था गरिनेछ। प्रत्येक वर्ष त्यस्ता व्यवसायीले तोकेको शूल्क तिरी सो प्रमाण-पत्र नवीकरण गर्नुपर्नेछ,

१०. नागरिकको अत्यन्त गुनासोको रुपमा रहेको घरनक्सा पास प्रक्रियालाई सहज र सरलीकृत गर्न कम्प्यूटर सफ्टवेयर जडान गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

११. घर निर्माणका लागि घरनक्सा अनुमति दिंदा पूर्व-पश्चिम लोकमार्गसँग जोडिएका जग्गाको हकमा सरकारले तोकेको सडक अधिकारक्षेत्र *(Right of Way)* भित्र पर्ने १०२ फिट पछि थप ३ फिट छाडेर भवन निर्माण गर्ने गरी मात्र भवन निर्माण अनुमति दिने नीति लाई निरन्तरता दिईनेछ,

१२. पूर्वपश्चिम लोकमार्ग र सडक अतिक्रमणलाई अन्त्य गर्ने नीति कडाईका साथ कार्यान्वयन गरिनेछ। नगर क्षेत्रका सडक पेटीमा निर्माण सामाग्री राख्ने र छाडा चौपाया छाड्ने व्यक्तिहरुलाई कानूनी कारबाहीको दायरामा ल्याउने नीति अबलम्बन गरिनेछ। छाडा चौपाया नियन्त्रण गर्न काञ्जिहाउस निर्माण कार्यको थालनी गरिनेछ,

१३. नगरपालिका क्षेत्रमा संचालन हुने आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थलमै परियोजना सूचना पाटी *(Project Information Board)* राख्ने नीतिलाई अझ प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ,

१४. धनगढीमाई नगरपालिकाको केन्द्र स्थित आफ्नै स्वमित्वमा रहेको जग्गामा मुख्य प्रशासकीय भवन *(Main Administrative Building)* भएको हुँदा उक्त भवनमा लिफ्टको बजेट छुटयाई जडान गरिनेछ,

१५. नगरपालिकाको मुख्य ब्यापारिक क्षेत्रका घरहरुलाई मेट्रिक प्रणालीबाट *Numbering* गरि व्यवस्थित गरिनेछ,

१६. नगरपालिका भित्रको बसोबासलाई व्यवस्थित र एकैनासको *(Uniform Pattern)* को बनाउन निर्देशिका तर्जुमा गरी लागू गरिनेछ।

१७. धनगढीमाई नगरपालिका वडा नं.१० धनगढी बजार स्थित निर्माणधिन रहेको दुर्गा मन्दिर निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

१८. पूर्वाधार विकास शाखालाई आवश्यक पर्ने उपकरण खरिद गरी आधुनीकणर गर्नको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

### ४.९.३. भूमि व्यवस्थापन तथा वस्ती विकास

१. आगामी आर्थिक वर्षमा समग्र नगरपालिकाको वडागत सिमाना सहितको *Topographical Map* तयारी तथा प्रकाशन गरिनेछ,

२. भू-उपयोग गुरु योजना जारी गरी नगरपालिका भित्रका जग्गाहरुको बर्गीकरण मार्फत आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवम् हरियाली क्षेत्र, वन, कृषि एवम् सुरक्षित क्षेत्रको पहिचान गरी एकिकृत नगर विकास योजनाले निर्दिष्ट गरे बमोजिमका वस्ती विकास एवं व्यवस्थित नगर निर्माण गर्ने नीति अबलम्बन गरिनेछ,

३. नगरपालिकाको एकिकृत नगर विकास गुरुयोजना बमोजिम संघीय र प्रदेश सरकारसंगको सहकार्य र समन्वयमा व्यबस्थित *Smart City* को निर्माण कार्य प्रारम्भ गरिनेछ,

४. वैज्ञानिक भूमि व्यवस्थापन र भू-उपयोगको नीति क्रमशः कार्यान्वयनमा ल्याइनेछ,

५. नगरपालिका भित्रका बिपन्न दलित बर्गहरुको सामूहिक आवाशको लागि पुर्वाधार निर्मण गरिनेछ,

६. भूमि माथि जोताहा किसानहरूको स्वामित्वलाई सुनिश्चित गर्न संघीय तथा प्रदेश सरकारको नीति बमोजिमको कार्यक्रम लागू गरिनेछ,

७. सबै गरीब, भूमि हिन, दलित बस्तीहरूमा सामुदायिक भवन (दलान) निर्माण कार्य प्राथमिकतामा राखिनेछ,

८. जग्गा प्लटिङ्ग गर्ने प्रक्रियालाई व्यवस्थित बनाईने छ। नगरपालिकाबाट जग्गा प्लटिङ्ग योजना स्वीकृत नगराई जग्गा प्लटिङ्ग गर्न दिइने छैन। नगरपालिकाबाट स्वीकृत जग्गा प्लटिङ्ग योजनाको आधारमा मात्र कित्ता काट गरी नक्सा पासका लागि सम्वन्धित कार्यालयमा सिफारिस गरिनेछ,

९. नगर भित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी पर्ति जग्गाको एकिकृत लगत तयार गरिनेछ। सो का लागि गठित समितिलाई सक्रिय बनाईनेछ,

१०. नगर भित्रका ऐलानी पर्ति जग्गाको कब्जा गर्ने कार्यलाई निरुत्साहित गरी यस्ता जग्गामा सामूहिक खेती प्रोत्साहन गरिनेछ,

शिव शंकर
नगर प्रमुख

११. भूमि हिन सुकुम्बासीहरुको व्यवस्थित बसोबासका लागि दलित, लोपोन्मुख एवं सीमान्तकृत समुदायमा **"जनता आवास कार्यक्रम"** विस्तार गर्न आवश्यक व्यवस्था मिलाईनेछ,

१२. नगरक्षेत्र भित्रको ऐलानी पर्ति जग्गा क्षेत्रफलको नाप गरी त्यस्ता जग्गाको उपयोग र संरक्षणका लागि भूउपयोग योजना *(Land Use Planning)* तयार गरिनेछ,

१३. वडा नं.१४ को जग्गाको अभिलेख उदयपुर जिल्लाबाट सिरहा जिल्लामा ल्याउन भूमी व्यवस्था, सहकारी र गरिबी निवारण मन्त्रालय संग समन्वय गरी ठोस पहल गरिनेछ,

१४. भूमि हिन र अव्यवस्थित जग्गालाई भूमी ऐन अन्तर्गत व्यवस्थित गर्न कार्य प्रारम्भ गरिनेछ,

१५. संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेखन गरी वास्तविक सुकुम्बासीको जीविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१६. राष्ट्रिय भूमि आयोगको कार्यक्रम अनुसार यस नगरपालिका भित्रको भूमिहीन दलित भूमिहिन सकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नाँप-जाँच कार्य यही आ.ब. भित्र सम्पन्न गरिनेछ।

१७. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँचका लागि कर्मचारी व्यवस्थापन, लालपुर्जा, वितरण, *DGPS, GIS Point,* अभिमूखीकरण, सहजीकरण लगायतका शिर्षकमा बजेट विनियोजन गर्नु पर्नेछ।

१८. भूमि सम्बन्धी समस्या समाधान गर्ने कार्यलाई यसै आ.ब.मा सम्पन्न गर्नको लागि राष्ट्रिय भूमि आयोगबाट खटिएका कर्मचारीहरुले मात्र नपुग हुने भएमा नगरपालिकाबाट पनि आवश्यक पर्ने थप कर्मचारी करारमा लिई कार्य अघि बढाउने छ।

### ४.९.४. उर्जा तथा विद्युतीकरण

१. नगर भित्रका सार्वजनिक स्थान र सडक एवं वजार, गाउँ टोलहरुमा सडक वत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ,

२. विद्युतीकरण हुन बाँकी रहेका वस्तीहरुमा विद्युतीकरण गर्दै लगिनेछ। काठका पोललाई क्रमशः विस्थापित गरी फलाम र सिमेन्टका पोल प्रयोग गर्ने नीति लिईनेछ। मुख्य वजार क्षेत्रमा सौर्य उर्जा *(Solar Power)* का सडक बत्ति राख्ने कार्यलाई प्राथमिकतामा राखिनेछ,

३. नगरपालिकाको सबै बस्तीमा बिद्युतको विस्तार गरिने कार्यलाई प्राथमिकतामा राखिनेछ,

४. सामुदायिक ग्रामीण विद्युतीकरणको अवधारणालाई अवलम्बन गर्दै कृषिलाई व्यवसायीकरण र निर्यातमुखी बनाउन कृषि विद्युतीकरणलाई हरेक किसानको खेत खलियानमा पहुँच हुने गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ,

५. नगरका सम्पूर्ण बस्तीहरुमा बिद्युत सेवा पुर्याई अन्धकार मुक्त नगर घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. नगर क्षेत्रमा भएका विद्युत पोलहरुलाई नम्बरीङ्ग गर्ने कार्यको थालनी गरीने छ। साथै नगरक्षेत्र भित्र विद्युत पोलमा केवल लाईन, नेट, ल्याण्ड लाईनलाई करको दायरा भित्र ल्याईने छ।

### ४.९.५. सूचना, सञ्चार तथा प्रविधि

१. प्रत्येक वडाहरुको कम्तीमा १/१ वटा स्थानमा *Free Wifi Zone* को व्यवस्था गरिनेछ,

२. नगर क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन कार्यलाई व्यवस्थित गरिनेछ,

३. एक सय वाट *(100 Watt)* सम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन कार्यलाई कानून बनाई व्यवस्थापन गरिनेछ,

४. आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन गरिनेछ,

शिव शंकर महतो
नगर प्रमुख

५. सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ,
६. प्रत्येक वडामा पहुँच पुग्ने गरी छापा माध्यम तथा बिधुतीय माध्यमका सञ्चार सेवा र सञ्चार गृहको स्थापना, स्तरोन्नती तथा बिकासको लागि पहल गरिनेछ,
७. नगरपालिकाबाट हुने र भएका कार्यक्रमहरुको सार्वजनिकीकरण गर्न पत्रकार महासंघ सँग समन्वय गरी चौमासिक रुपमा संचारका माध्यमहरुबाट आम नागरिकलाई जानकारी गराइने नीति अवलम्वन गरिनेछ,
८. नागरिकको सूचनाको हकलाई प्रत्याभूत गर्न बिभिन्न किसिमका प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ,
९. नगर कै दुर्गम क्षेत्रको रुपमा रहेको वडा नं.१४ मा अप्टिकल फाईबर बिस्तार कार्य सम्पन्न भएको हुँदा शीघ्र ईन्टरनेट सेवा सुचारु गरिनेछ,
१०. धनगढीमाई नगरपालिकाको आफ्नै *App* बनिसकेको हुँदा नगरपालिकाले संचालन गर्ने विविध गतिविधिहरु नियमित रुपमा सार्वजनिक गर्ने नीतिलाई निरन्तरता दिइनेछ,
११. नगरपालिकाको सूचना तथा समाचार सम्प्रेषण गर्ने संचार माध्यमलाई प्रोत्साहन गर्न नगरपालिका स्थापना दिवसको दिन उत्कृष्ट संचार माध्यमलाई पुरस्कृत गरिनेछ,
१२. नगरवासीहरुको घरधुरी तहको अवस्था *(Household Status)* लाई पेशा र आयको आधारमा वर्गीकरण गरी डाटावेस तयार गरिनेछ,
१३. सूचना प्रविधि *Online VERSP-MIS* सम्बन्धी तालिमहरु संचालन गरिनेछ,
१४. सेवाग्राहीलाई अवाञ्छित कृयाकलाप गर्नबाट जोगाउन नगर कार्यपालिकोको प्रवेश विन्दुमा आधुनिक सुरक्षा गेटको व्यवस्था गरिनेछ,
१५. नगर कार्यपालिका भवनलाई सुरक्षित राख्न लामो समय सम्मको भिडियो फुटेज भण्डारण गरी चौबिसै घण्टा निगरानीमा राखिनेछ,
१६. नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न खरिद भएका सफ्टवेयरहरुलाई आफ्नै सर्भरको व्यवस्था गरी सञ्चालनमा ल्याउनेछ,
१७. नागरिकको सूचनाको हकमा पहुँच पुऱ्याउन नगर कार्यापालिका कार्यालयको प्रत्येक तल्लामा स्मार्ट सूचनापाटीको व्यवस्था गरिनेछ,
१८. इन्ट्रानेटको व्यवस्था गरी सम्पूर्ण वडालाई नगर कार्यापालिकाबाट नियमन गरिनेछ,
१९. सेवाग्राहीलाई सेवामा सहजता पुर्याउन नगर कार्यपालिकाको कार्यालयमा एउटा स्मार्ट हेल्प डेस्कको व्यवस्था गरिनेछ जसमा सेवाग्राहीले स्वयं इन्टरनेट प्रयोग गरी आफुलाई आवश्यक सूचना लिने व्यवस्था मिलाइनेछ,
२०. नगर कार्यपालिकाको कार्यालय तथा नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई विद्युतीय सुशासन तथा सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण एवम् तालिमको व्यवस्था गरिनेछ,
२१. वडा नं.१४ मा नेपाल टेलिकम र NCELL कम्पनी संग समन्वय गरी Network जडानको लागि पहल गरिनेछ,
२२. सेवाग्राहीको सहजताको लागि टोकन प्रणालीको व्यवस्थापन गरिनेछ,
२३. ईलाका प्रहरी कार्यालय, धनगढीको क्षेत्रभित्र पर्ने निम चौक, कसहा चौक, जिरोमाईल चौक र धनगढी बजारमा सवारी दुर्घटना छानविन गर्न समेत सहज हुने गरी सि.सि.टि.भि. जडान कार्य गरिनेछ,

### ४.९.६. योजना छनौट तथा कार्यान्वयन

१. पहिलो नगरसभा देखि छैठौं नगरसभा सम्म घोषित नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको मध्यावधि मूल्याङ्कन गरी नगरको विकासका लागि आगामी दिनमा अवलम्बन गर्नु पर्ने रणनीति तय गरिनेछ,
२. योजना छनौटमा तल देखि माथि जाने *(Bottom Up Approach)* नीति अनुसार टोल÷वस्तिहरुबाट योजना छनौट गरिने कार्यलाई अझ प्रभावकारी बनाईनेछ,

शिव शंकर महतो
नगर प्रमुख

३. योजना छनौट तथा प्राथमिकीकरण गर्दा दीगो विकासको अवधारणाको अतिरिक्त राष्ट्रिय विकास नीति, गरिबी निवारण, वातावरणीय अनुकूलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ,

४. योजना चक्रको प्रत्येक चरणमा सरोकारवाला तथा हितग्राही समूहलाई सहभागी गराईनेछ,

५. साना प्रकृतिका योजनाहरु उपभोक्ता समिति मार्फत र जटिल प्रकृतिका योजनाहरु ठेक्का विधिबाट कार्यान्वयन गरिनेछ,

६. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान तथा प्रोत्साहनको नीति लिइनेछ,

७. नगरपालिका क्षेत्रभित्र ठूला, मझौला र साना भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्ने कम्पनी वा फर्मले नगरपालिकाबाट अनुमति लिनु पर्ने व्यवस्था लागु गरिनेछ,

८. प्रदेश तथा संघीय सरकारबाट प्राप्त हुने सशर्त योजनाहरु छनौटमा नगरपालिकाको अनिवार्य सहभागिता हुनु पर्ने ब्यवस्थाका लागि सम्बन्धित सरकार संग समन्वय र सहकार्य गरिनेछ,

९. नगरसभाबाट बजेट पारित भए पश्चात सबै शाखाहरुले १ महिना भित्र बार्षिक कार्ययोजना बनाई पेश गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ,

१०. आगामी आर्थिक वर्षको पहिलो चौमासिक भित्र उपभोक्ता समिति तथा टेन्डर प्रक्रियाबाट सम्पन्न हुने योजनाहरुको सम्झौता तथा टेन्डर प्रक्रिया पूरा गरी कार्यान्वयनमा लगिनेछ,

११. पूर्वाधारका सबै योजना/कार्यक्रमहरुको कार्यान्वयन गर्दा स्वीकृत रकमको १ प्रतिशतले हुन आउने रकम शिक्षा विकासको लागि *Basket Fund* स्थापना गरी जम्मा गरिनेछ,

१२. योजना सम्झौता भए पश्चात उपभोक्ता समितिबाट सम्झौता रकमको १० प्रतिशत अग्रिम रुपमा जम्मा गरे पश्चात मात्र योजना कार्यान्वयनको कार्यादेश दिईने व्यवस्था लागू गरिनेछ,

१३. योजनाहरुको छनौट तथा कार्यान्वयनको लागि ५० प्रतिशत वा सो भन्दा माथि जनसहभागिता सुनिश्चित भएका योजनाहरुलाई पहिलो प्राथमिकता दिईनेछ,

१४. उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ,

१५. विभिन्न समयमा नगरपालिकाका योजनाहरुको ठेक्का स्वीकार गरी काम सम्पन्न नगर्ने र बक्यौता नबुझाउने ठेकेदारहरुको नामावली संकलन गरी कालो सूची *(Black List)* मा राखिनेछ। ठेक्का पट्टाहरुको बक्यौता असुल उपर गर्न कानून बमोजिमको कारवाही प्रक्रिया अगाडि बढाईनेछ,

१६. योजना कार्यान्वयनको वार्षिक तथा चौमासिक प्रगति समिक्षा गोष्ठीहरु आयोजना गरी छलफल तथा पृष्ठपोषण पद्धतिलाई नियमित र सबल तुल्याईनेछ।

### ४.९.७. सिँचाई

१. नगरपालिका क्षेत्रको सिंचाई प्रणाली व्यवस्थित एवं प्रभावकारी बनाईनेछ,

२. नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक कार्य गरिनेछ,

३. सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण गरी सिँचाई गुरुयोजनाको निर्माण, कार्यान्वयन र स्तरोन्नतिको लागि कार्य अगाडि बढाइनेछ,

४. स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शूल्कको निर्धारण र सङ्कलन व्यवस्थापन गरिनेछ,

५. नदी खोला बाढी एवं जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धमा स्थानीय जनताको लागत तथा श्रम सहभागितामा कार्य अगाडि बढाइनेछ,

६. सामूहिक र सहकारी खेतिका लागि मापदण्डको आधारमा सिंचाईको ब्यवस्था गरिनेछ।

## ४.१०. वन, वातावरण तथा विपद् व्यवस्थापन

### ४.१०.१. वन तथा वातावरण

शिव शंकर महतो
नगर प्रमुख

१. जैबिक बिबिधताको संरक्षण गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई उच्च प्राथमिकता दिईनेछ,
२. नगरपालिका भित्र रहेका निजि, सामुदायिक तथा सरकारी वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिनेछ।
३. वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिलाई कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ,
४. वनजंगलमा हुने चरिचरन कार्यलाई निरुत्साहित गर्ने नीति ल्याईनेछ,
५. बाढी पहिरोबाट जोगाउन भू–संरक्षण, तटबन्ध व्यबस्थापन, बृक्षारोपण र जैविक विविधतालाई संरक्षण गर्दै बनलाई डढेलोबाट जोगाउन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ,
६. सामुदायिक वन उपभोक्त समूहहरुलाई नियमन र सहजीकरण गर्दै वन संरक्षण र बिकास गर्ने नीति अवलम्बन गरिनेछ,
७. सार्वजनिक तथा वन क्षेत्र भित्रका खाली जमिनमा बृक्षारोपण गर्दै लगिनेछ,
८. वातावरण संरक्षण सम्वन्धमा विद्यालय स्तर सम्म सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ,
९. नगरपालिका सबै वडाहरु समेट्ने गरी जलवायु परिवर्तन सम्वन्धी स्थानीय अनुकूलन कार्य योजना *LAPA* तर्जुमा गरी प्रथमिकताका साथ कार्यान्वयन गरिनेछ,
१०. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वाताबरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ,
११. सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ,
१२. नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ,
१३. नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन कार्यक्रममा सरोकारवाला निकायको समन्वय र सहयोगमा उचित व्यवस्थापन गरिनेछ,
१४. आय आर्जनमा आधारित जडीबुटीको संरक्षण र प्रवर्द्धन गरिनेछ,
१५. स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन गरिनेछ,
१६. वातावरणीय जोखिम न्यूनीकरण र न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गरिनेछ,

### ४.१०.२. विपद व्यवस्थापन

१. नगर क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न नगर स्तरीय विपद व्यवस्थापन समिति गठन भई सकेको सन्दर्भमा विपद् व्यवस्थापन समितिलाई सक्रिय र साधन स्रोत सम्पन्न बनाईनेछ,
२. प्रकोपकजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ,
३. विकासका योजना तयार गर्दा बिपद् न्यूनीकरणका पक्षमा विशेष ध्यान दिईनेछ,
४. नगरपालिकाको एउटा विपद् व्यवस्थापन कोष खडा गरी आवश्यक रकम विनियोजन गरिनेछ,
५. बिपद् पिडितलाई तत्काल राहत तथा उद्धार कार्यका लागि प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण गरिनेछ। उक्त जनशक्तिलाई विपद उद्धार सम्बन्धी तालिम दिइनेछ,
६. विपद् प्रतिकार्य योजनाका लागि नेपाल रेडक्रस सोसाइटी नेपाल प्रहरी, सशत्र प्रहरी बल नेपाल समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको निर्माण गरिनेछ,
७. बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी, गैर-सरकारी संघ-संस्थासंग सहकार्य गरिनेछ,
८. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ,

शिव शंकर महतो
नगर प्रमुख

९. सम्भावित बिपद्बाट समुदायलाई जोगाउन पूर्व अनुमान सूचना प्रणाली *(Early Warning System)* का लागि प्रदेश सरकार संग समन्वय गरिनेछ।

१०. प्राकृतिक प्रकोप एवं विपद संग जुध्न सक्ने खानेपानी र सरसफाइ संरचना निर्माणका साथै बिपद पूर्व तयारीका लागि आवश्यक क्षमता विकास गरिनेछ,

### ४.१०.३. फोहोर मैला तथा ढल व्यवस्थापन

१. सरोकारवाला निकायको सहयोगमा *Land Fill Site* सम्वन्धी थप अध्ययन गराई फोहर व्यस्थापनको दीगो प्रवन्ध मिलाईनेछ। सो का लागि छिमेकी नगरपालिकासंग पनि समन्वय गरिनेछ,

२. जथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गरी नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिनेछ। फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानूनी कारवाहीको लागि आवश्यक प्रकृया अवलम्वन गरिनेछ,

३. नगरमा व्यवस्थित ढल निकासका लागि योजना तर्जुमा गर्न आवश्यक अध्ययन गराउन पहल गरिनेछ,

४. वातावरण प्रदुषण हुन नदिन नगरपालिका भित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्रि वितरण, प्रयोगमा रोक लगाउने नीति लिईनेछ,

५. बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु बाधेको वा छाडेने कार्यलाई निरुत्साहित र दण्डित गरिनेछ। विभिन्न संघ-संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ,

६. बजारलाई सुन्दर र सफा राख्न बजार क्षेत्रभित्रको ढल निकासको कार्यलाई ब्यबस्थित रुपले संञ्चालन गरिनेछ। यसका लागि सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिनेछ,

७. कुहिएर जाने र नजाने फोहर छुट्टयाई फोहोरबाट मोहर बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ,

८. फोहोर मैला ब्यबस्थापनका लागि वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, स्थानीय युवा क्लव, टोल विकास समिति तथा बस्तीस्तरका समूह वा समितिहरुलाई प्रोत्साहन गरिनेछ,

९. घरबाट निस्कने फोहोर आफै ब्यवस्थापन गरि फोहोरको मात्रा घटाउनका लागि प्रत्येक घरका गृहणीहरुलाई फोहोरमैला ब्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ,

१०. फोहोरमैला ब्यवस्थापन सम्बन्धी कार्यलाई थप ब्यवस्थित प्रभावकारी र दिगो बनाउनका लागि यसलाई सामाजिक रुपान्तरणको महा अभियान संग आवद्ध गरिनेछ।

### ४.११. सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन

१. नगरपालिकाको लागि सार्वजनिक खरीद प्रक्रियालाई मितव्ययी र पारदर्शी बनाउनका लागि आपूर्तिकर्ता संग आवश्यक सामग्रीहरुको आर्थिक बर्षको सुरुमै दर भाउ लिई सोहि दरमा बर्ष भरि सामान आपूर्ति हुने ब्यवस्था मिलाईनेछ,

२. सामग्री खरिद गर्दा सम्भव भए सम्म स्वदेशी तथा स्थानीय उत्पादनलाई प्राथमिकता दिईनेछ,

३. नगरपालिकाबाट हुने बिकास निर्माण तथा सामग्री खरिद सम्बन्धमा प्रकाशित गरिने सम्पूर्ण टेण्डरहरुलाई बिद्युतिय प्रणाली *(E-Bidding)* मार्फत कार्यान्वयन गरिनेछ,

४. नगरपालिका तथा बिषयगत कार्यालयहरुबाट खरिद गरिएका खप्ने जिन्सी सामानहरुमा अनिवार्य रुपमा खाता पाना नम्बर लेख्न लगाईनेछ,

५. नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्वाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेखलाई व्यवस्थित गरिनेछ।

### ४.१२ अन्तर निकाय सम्बन्ध

१. संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिता तथा प्रतिनिधित्वको लागि प्राथमिकताका साथ व्यवस्था मिलाइनेछ,

नगर प्रमुख

२. जिल्ला समन्वय समिति, अन्य सरकारी निकाय र वडा तहसँगको सम्पर्क, समन्वय, पत्राचार, सभा, समारोह, शिष्टाचार लगायताका विषयमा व्यवस्थित कार्यविधि अपनाइनेछ।

४.१३ बैठक व्यवस्थापन

१. नगर सभा र नगर कार्यपालिकाले निर्माण गरेको कानूनको परिधि भित्र रहेर हरेक सभाको बैठक व्यवस्थापन व्यवस्थित रुपमा गरिनेछ,

२. कार्यपालिकाको निर्णयहरुको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन गरिने कार्यलाई निरन्तरता दिईनेछ,

३. बैठकको मूल्य, मान्यता तथा वरियता समेतलाई मध्य नजर गर्दै बैठकलाई अनुशासित र मर्यादित तवरबाट संचालन गरिनेछ।

४.१४ बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण

१. उपभोक्ताको हित संरक्षणका लागि जनप्रतिनिधिको संयोजकत्वमा एक समिति बनाई नियमित रुपमा बजार अनुगमन गरिनेछ,

२. नगर क्षेत्रका मुख्य हाट तथा बजारहरुलाई व्यवस्थित गर्नका लागि बजार केन्द्रित पूर्वाधार शिर्षकमा बजेट बिनियोजन गरिनेछ,

३. उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण र सोको व्यवस्थित कार्यान्वयन र नियमन गरिनेछ,

४. कालाबजारीलाई पूर्णरुपमा नियन्त्रण र निरुत्साहित गरिनेछ,

५. स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गरिनेछ,

६. खानेपानी, खाद्य पदार्थको गुणस्तर नियन्त्रण, स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन गरिनेछ,

७. नगरपालिका भित्र संचालनमा रहेका ब्यापार ब्यवसायलाई दर्ता गरि अभिलेख कायम गर्नका लागि ब्यापार समितिहरु संग समन्वय र सहकार्य गरिनेछ,

८. उपभोग्य बस्तुहरुको बिक्री बितरण कार्यको लागि नियमित अनुगमन गरिनेछ। अखाद्य तथा म्याद नाघेका खाद्यबस्तुको बिक्री बितरण कार्य बन्द गरिनेछ।

४.१५ आन्तरिक लेखापरीक्षण

१. नगरकार्यपालिकामा आन्तरिक लेखापरीक्षण शाखाको स्थापना भईसकेकोले सो मार्फत आन्तरिक लेखापरीक्षणको कार्य अगाडि बढाईनेछ,

२. साविक गा.वि.स. तथा नगरपालिकाको लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत विवरण तयार गरी बेरुजु असुल उपर गरिनेछ,

३. लेखापालन तथा लेखापरीक्षण सम्वन्धी क्षमता विकास तथा तालीमको व्यवस्था गरिनेछ,

४. आर्थिक सुशासनका लागि आगामी आर्थिक वर्ष देखि पूर्व लेखापरीक्षणको अभ्यास गरिनेछ,

५. कर्मचारीहरुले बिभिन्न कार्यका लागि लिएको पेश्की समयमै फर्छ्यौट गर्ने व्यवस्था मिलाइनेछ।

४.१६ विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि, विभूषण

१. स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचित व्यवस्थापन गरिनेछ,

२. उपाधि तथा विभूषण सम्वन्धी सिफारिश, अभिलेख व्यवस्थित रुपमा राखिनेछ। वितरण कार्यलाई पारदर्शी बनाइनेछ,

३. स्थानीय चाडपर्वहरुमा आवश्यकता हेरी बिदा दिने नीति अवलम्बन गरिनेछ।

४.१७. कानून तथा न्याय

४.१७.१ नगर प्रहरी

१. "नगर प्रहरी हाम्रो प्रहरी" भन्ने भावनालाई नगरवासी बीच स्थापित गर्न शान्ति, सुव्यवस्था, विकास निर्माण, विपद्‌मा राहत तथा उद्धार, सरसफाई तथा सेवा प्रवाहलाई सहज बनाउन नगर प्रहरीको प्रभावकारी परिचालन गरिनेछ।

२. प्राकृतिक विपदको प्रारम्भिक खोज तथा उद्धारका लागि मौजुदा अवस्थामा रहेको नगर प्रहरीलाई परिचालनको लागि स्रोत साधन र प्रविधियुक्त बनाई तयारी अवस्थामा राखिनेछ,

३. नगर प्रहरी बिनियमावली स्वीकृत भैसकेकोले सोहि बमोजिम नगर प्रहरी सेवालाई व्यवस्थित गरिनेछ,

४. नगरपालिका लाई आवश्यकता भएको जुन सुकै समयमा पनि सेवा दिदै आइरहेको छ, सो कार्य लाई आगामी दिनमा समेत थप सु-व्यवस्थित तर्वले सेवा प्रवाह गरी आम नगरवासीको समस्याहरुलाई सम्बोधन गरिनेछ।

४.१७.२. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. न्यायिक समितिको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम तथा अन्य कार्यक्रम संचालन गरिनेछ,

२. असहाय र अन्यायमा परेकाहरुलाई निःशूल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ,

३. विवाद समाधान र मेलमिलापका लागि केन्द्र र सबै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना, सञ्चालन र क्षमता विकास गरिनेछ,

४. शान्ति सुरक्षा सुदृढ र प्रभावकारी वनाउन सुरक्षा निकायहरुको पूर्वाधार निर्माणमा आवश्यक सहयोग गरिनेछ,

५. संबिधानमा उल्लेखित ब्यबस्थाहरु, प्रदेश कानून र स्थानीय तह सञ्चालनका लागि बनेका कानून तथा कार्यविधिहरु मातहत रहि नगरपालिका अन्तर्गतका कार्यक्रम कार्यान्वयन गरिनेछ,

६. अति विपन्न, एकल महिला तथा महिला हिंसा सम्बन्धी न्यायिक समितिमा दिने उजुरीमा निवेदन दस्तुर निःशुल्क गरिनेछ।

४.१७.३. विधायन

१. कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न ऐन, नियम, निर्देशिका एवं कार्यविधि लगायतका कानूनको मस्यौदा तयारी गर्दा सरोकारवाला संग राय सुझव तथा सल्लाह लिई अन्तिम तयारी गरिनेछ,

२. नीति, कानूनको प्रमाणिक प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ।

४.१८. वित्तिय क्षेत्र

४.१८.१. राजश्व परिचालन

१. करको दर भन्दा दायरा बढाउनका लागि प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ,

२. कर सम्बन्धी सचेतना जगाउनका लागि कर सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ,

३. सबै करदाताहरु स्वतःस्फूर्त रुपमा करको दायरा भित्र आउने गरी करका नयां क्षेत्रहरु पहिचान गर्दै करका दरमा न्यूनीकरण गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ,

४. कर प्रशासनलाई सरल, सवल र पारदर्शी बनाईने छ। सबै किसिमका आय र व्यवसायलाई करको दायरामा ल्याइनेछ,

५. आन्तरिक आय वृद्धि गर्नेका लागि करका नयाँ नयाँ क्षेत्रहरुको खोजी गरिनेछ,

६. आगामी आर्थिक वर्षको प्रथम चौमासिक भित्रै कर सुधार योजना तयार गरिनेछ,

७. नगरपालिका भित्र सम्पत्ती कर *(PT)* लागू गरिएकोमा यसलाई निरन्तरता दिईनेछ,
८. सार्वजनिक जग्गामा बनेका घर टहरा तथा संरचनाहरुको लगत संकलन गरि बहाल बिरौटि कर अशुल गरिनेछ,
९. नगरपालिकाको आन्तरिक आय तर्फका राजस्व बुझाउन बाँकी रहेका व्यक्ति तथा फर्महरु संग बक्यौता असुलीका लागि कानून बमोजिम कडा नीति अख्तियार गरिनेछ,
१०. दैवी प्रकोप, बिपदमा परेकाहरुलाई निःशूल्क सिफारिसको ब्यवस्था गरिनेछ,
११. नगरपालिका भित्र बसोबास गर्ने सिमान्तकृत/विपन्न, दलित, मुसहर, डोम लगायतका समुदायको लागि नागरिकता सिफारिस दस्तुरमा पूर्ण छुट र अन्य सिफारिसमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

### ४.१८.२. वित्तिय व्यवस्थापन तथा सुशासन

१. योजना कार्यान्वयनमा वित्तीय अनुशासन कायम गर्न शून्य पेश्की नीति लागू गरिनेछ,
२. स्थानीय तहले कानून अनुसार प्राप्त गर्नुपर्ने कर, दस्तुर, सेवा शूल्कलाई समयानुकूल वैज्ञानिक व्यावहारिक, नागरिकमैत्री तथा पारदर्शी बनाई नगरको समग्र आन्तिरिक आयमा वृद्धि गरिने नीति अवलम्बन गरिनेछ,
३. आर्थिक पारदर्शिताका लागि नगरपालिकामा भएका हरेक आर्थिक कारोवारहरुलाई वेभ साइट मार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ।

### ४.१९. अनुगमन तथा मूल्याङ्कन

१. योजना अनुगमन तथा मूल्याङ्कन कार्यलाई कार्यान्वयनको अभिन्न अंगको रुपमा निरन्तर अगाडि बढाईनेछ,
२. नगरपालिकाबाट प्रदान गरिएका सेवा तथा बिकास निर्माणका कार्यहरुको निश्पक्ष अनुगमन मूल्यांकनका लागि बिज्ञ सहितको Third Party Monitoring System लागू गरिनेछ।

### ४.२०. विविध

१. नगरपालिकाको भू-गोल, कला-संस्कृति, ऐतिहासिक तथा अन्य सान्दर्भिक पक्ष झल्कने आफ्नै लोगो डिजाईन गरी कार्यान्वयनमा ल्याईनेछ,
२. नगरपालिकाको हाल स्थायी कर्मचारी तर्फ कायम रहेको दरवन्दीमा कार्यरत कर्मचारीहरुबाट मात्र कार्यबोझ अनुसार कार्य सम्पादन गर्न कठिनाई भएको, समायोजन भएका कर्मचारीहरु क्रमशः हाजिर हुन आउँदै गरेको र नगरपालिकाले मागे बमोजिम लोकसेवा आयोगले पदपुर्ति गर्ने क्रम रहेकोले यस अघि स्वीकृत गरिएको अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई अर्को व्यवस्था नभए सम्मको लागि सेवा अवधि थप गरी निरन्तरता दिईनेछ,
३. अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्दा कार्यसम्पादन मूल्याङ्कन, आवश्यकता र औचित्य समेतका आधारमा थप गरिनेछ। राम्रो कार्य सम्पादन नभएका कर्मचारीहरुको म्याद थप गरिने छैन।
४. नगरपालिकाका विरुद्धमा परेका विभिन्न उजुरीहरुको सम्बोधन तथा न्यायिक कार्यलाई व्यवस्थित गर्न र कानूनी परामर्शका लागि सेवा करारमा एक जना कानूनी सल्लाहकारको नियुक्ति गरिएकोमा सो ब्यवस्थालाई निरन्तरता दिईनेछ,
५. नगर प्रमुखको ब्यस्तता एवं कार्य जिम्मेवारीलाई मध्यनजर गर्दै नियुक्त गरिएको राजनैतिक सल्लाहकारको सेवालाई निरन्तरता दिईनेछ,
६. स्थानीय तथा राष्ट्रिय दैनिक पत्रिका, रेडियो, टेलीभिजनका संवाददाता तथा पत्रकारहरुलाई नगर क्षेत्रमै रहेर काम गर्ने व्यवस्था मिलाउनका लागि सम्बन्धित निकायसंग समन्वय गरिनेछ,
७. नेपाल सरकारको स्वामित्वमा रहेका सरकारी संचार माध्यमहरुका संवाददाताहरु नगरपालिका क्षेत्रमै रहेर काम गर्ने वातावरण मिलाउन आवश्यक कदम चालिनेछ।
९. कर्मचारीहरुलाई कामको आधारमा प्रोत्साहीत गरिनेछ।

शिव शंकर महतो
नगर प्रमुख

आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,

अब म योजना छनौटका आधारहरू बारे जानकारी गराउने अनुमति चाहन्छु।

५. योजना छनौटका आधारहरू

आर्थिक बर्ष २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश सरकारबाट जारी गरिएको नीति तथा कार्यक्रम २०७७, र यस नगरपालिकाको बजेटको क्षेत्र तथा सीमाले निर्दिष्ट गरेको योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ।

नेपाल सरकारको पन्ध्रौं योजना (२०७७।०७८-२०८०/०८१) को आधार-पत्र, दिगो विकास लक्ष्य (SDGs), नेपाल सरकारका विभिन्न क्षेत्रगत नीतिहरू, विषयगत मन्त्रालयबाट प्राप्त मार्गदर्शन, नेपाल सरकारले प्रतिवद्धता जनाएका राष्ट्रिय अन्तर्राष्ट्रिय विषयहरू, योजना प्राथमिकीकरणका आधारहरू, योजना स्वीकृति तथा कार्यान्वयन प्रक्रियालाई आधार मानी आर्थिक बर्ष २०७८/०७९ को बजेट, नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएको छ।

सम्वद्ध राजनीतिक दल, विषयगत कार्यालय, गैर-सरकारी संस्था, नागरिक समाज वडास्तरीय आयोजना तर्जुमा प्रक्रियाबाट प्राप्त सुझावहरूलाई समेत योजना तर्जुमाको आधारको रूपमा लिइएको छ। आयोजना तर्जुमा गर्दा वस्तीस्तरबाट प्राथमिकता साथ वडामा पेश भएका योजना तथा कार्यक्रम मध्ये वडास्तरबाट प्राथमिकता साथ प्रस्तुत गरेका योजनाहरूलाई नै सम्बोधन गर्ने गरी विभिन्न विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र नगरकार्यपालिका हुँदै नगरसभामा प्रस्तुत भएको व्यहोरा अनुरोध गर्न चाहन्छु।

आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,

अब म नगरपालिकाको संगठन जनशक्ति व्यवस्थापन र स्रोत परिचालन सम्बन्धी संक्षिप्त विवरण पेश गर्न चाहन्छु।

६. संगठन, जनशक्ति व्यवस्थापन र स्रोत परिचालन

६.१ संगठन तथा जनशक्ति व्यवस्थापन

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४/१२/१४ मा स्वीकृत गरिएको स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ बमोजिम ५० हजारभन्दा कम जनसंख्या भएको नगरपालिकाको लागि स्वीकृत अस्थायी संगठन संरचना बमोजिम एवं नगरपालिकाको कार्य क्षेत्रमा भएको विस्तारको आधारमा विगतदेखि यस नगरपालिकामा कार्यरत कर्मचारीहरूको सेवा निरन्तर आवश्यक रहेकोले स्वीकृत दरबन्दीमध्ये नगरपालिकालाई आवश्यकता र औचित्यताको आधारमा रिक्त प्राविधिक पदहरू कानून बमोजिम पूर्ति गर्न र सेवा करार तर्फ कार्यरत कर्मचारीहरूको म्याद थप गरी काममा लगाउन नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव गरिएको छ।

६.२ वित्तीय व्यवस्थापन

१. नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा अन्य निकायहरूबाट प्राप्त हुने रकम थपघट भई आएमा तथा नगरपालिकाको आन्तरिक कोष तर्फ अनुमानित आय संकलन घटबढ भएमा प्राप्त अख्तियारी एवं संकलित आय जुन अनुपातमा थपघट हुन्छ सोही अनुपातमा प्रस्तावित योजनाहरूको रकम थपघट गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।
२. नगर कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालयको निर्णय बमोजिम हालसम्ममा भएको सम्पूर्ण आम्दानी खर्चलाई अनुमोदन गर्ने प्रस्ताव गरिएको छ।
३. राजश्व परामर्श समितिको सिफारिस बमोजिम आगामी आर्थिक बर्ष २०८०/०८१ को कर, दस्तुर, शूल्क तथा जरिवाना असूल उपर गर्ने प्रस्ताव गरिएको छ।
४. आर्थिक बर्ष २०८०/०८१ का लागि वार्षिक खरिद योजना तयार गरी लागु गरिने व्यवस्था मिलाइएको छ।

शिव शंकर महतो
नगर प्रमुख

### ६.३ श्रोत परिचालन तथा व्यवस्थापन

१. नगरपालिकाको आन्तरिक आय अपेक्षा अनुसार बढ्न नसकेको वर्तमान अवस्थामा राजस्व परामर्श समितिले दिएको प्रतिवेदन अनुसार आयस्रोतको खोजी गर्ने एवं प्रस्ताव भएको कर, दस्तुर, शूल्कका शीर्षक बाहेक अन्य क्षेत्रमा कर दस्तुर, शूल्क लगाउन परेमा राजस्व परामर्श समितिको सिफारिशमा आगामी सभाबाट अनुमोदन गर्ने गरी कार्यपालिकाबाट निर्णय गरी त्यस्ता स्रोतमा कर, दस्तुर, शूल्क प्रस्ताव गरिएको छ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अधिनमा रही नगरपालिकाद्वारा आगामी आर्थिक बर्ष २०८०/०८१ मा लगाउने विभिन्न कर, दस्तूर, महशुल, बिक्री आदिको ठेक्का पट्टा तथा सोलाई आवश्यक पर्ने दररेट राजस्व परामर्श समितिबाट सिफारिश भए बमोजिम गर्ने गरी ठेक्का पट्टा बन्दोवस्त गर्न र संशोधन तथा थप गर्नु पर्ने अवस्था भएमा राजश्व परामर्श समितिको सिफारिशमा संसोधन गर्न नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

३. चालू तथा आगामी आर्थिक बर्षमा लगाइने ठेक्का पट्टा विविध कारणले नलागेमा वैकल्पिक व्यवस्था गर्ने, राजस्व परामर्श समितिको सिफारिश अनुसार संशोधित मूल्याङ्कन स्वीकृत गरी ठेक्का व्यवस्था गर्ने समेत अधिकार नगरपालिकालाई प्रत्यायोजन गर्ने प्रस्ताव गरिएकोछ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म वित्तीय क्षेत्रका मुख्य प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आर्थिक बर्ष २०८०/०८१ को वार्षिक कार्यक्रम तथा क्रियाकलापगत बजेट पेश गर्न चाहन्छु।

### ७. वार्षिक वजेट तथा कार्यक्रम

माथि प्रस्तुत गरिएका नीतिहरूको कार्यान्वयनका लागि प्रस्तुत बजेटको सीमा भित्र रही कार्यक्रमहरू तर्जुमा गरी प्रस्तुत गरेको छु। यसका लागि आर्थिक बर्ष २०८०/०८१ को बजेट नीति तथा कार्यक्रम सम्बन्धी पुस्तिका (रातो किताब) प्रकाशित गरिनेछ।

### ७.१ आम्दानी र खर्चको संक्षिप्त विवरण

आर्थिक बर्ष २०८०।०८१ मा आय तर्फ देहाय बमोजिमको आय हुने प्रस्ताव अनुमान गरिएको छ।

#### ७.१.१ नेपाल सरकार

१. समानीकरण अनुदान १३ करोड १७ लाख
२. शसर्त अनुदान २२ करोड १५ लाख
३. समपूरक अनुदान ५० लाख
४. विशेष अनुदान २ करोड
५. केन्द्रिय राजस्व बाँडफाँड १२ करोड २४ लाख ९४ हजार

**कूल जम्मा संघीय सरकार – अनुमानित आय ५० करोड ६ लाख ९४ हजार**

#### ७.१.२ प्रदेश सरकार

१. समानीकरण अनुदान ९८ लाख १३ हजार
२. शसर्त अनुदान ०
३. समपूरक अनुदान २० लाख
४. विशेष अनुदान ३० लाख

**कूल जम्मा मधेश प्रदेश सरकार – अनुमानित आय १ करोड ४८ लाख १३ हजार**

#### ७.१.३ आन्तरिक तर्फ

१. आन्तरिक श्रोत ३ करोड

शिव शंकर ...
नगर प्रमुख

२. मालपोत रजिष्ट्रेशन बाँडफाँड - ४० लाख

३. गत वर्षको आल्या (अनुमानित) २ करोड

**कूल जम्मा आन्तरिक श्रोत/आय तर्फ – अनुमानित आय ५ करोड ४० लाख**

**७.१.४ अन्य तर्फ**

सामाजिक सूरक्षा तथा बालपोषण तर्फः १८ करोड

औधोगिक ग्राम स्थापाना - १ करोड

युनिसेफ सरसफाइ तथा खानेपानी कार्यक्रम - ३० लाख

अन्य सरकारी/गैरसरकारी संघ/संस्थाबाट - २ करोड

**कूल जम्मा अन्य तर्फ – अनुमानित आय २१ करोड ३० लाख**

प्रस्तुत संघीय सरकार र प्रदेश सरकारको सिलिङ्ग प्राप्त विवरण, अनुमानित राजस्व तथा आन्तिरक श्रोत तथा अन्य श्रोतको अनुमानित विवरणलाई मध्यनजर गर्दै यस धनगढीमाई नगरपालिकाको अगामी आर्थिक बर्षमा प्राप्त हुने कूल आय **७८ करोड २५ लाख ७ हजार** मात्र अनुमान गरिएको छ। जसमध्येबाट बाँडफाँड हुने कूल आय रकम **रु.३१ करोड ८० लाख ७ हजार** रहेको छ।

**उपस्थित आदरणीय महानुभावहरू,**

प्रस्तावित बजेट, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लाभि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरू गर्न सकिएमा कार्यक्रमको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु।

नगरवासीहरूको गुणस्तरीय सेवा प्रतिको बढ्दो आकांक्षालाई पूरा गर्न हामीले आफूलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउदै सरोकारवालाहरू बीचको सहकार्य, समन्वय, सुझाव र सहमति अनुकूल वातावरण स्थापना गरी प्रभावकारी ढंगका साथ स्रोत-साधन परिचालन गरी नगरपालिका जनताको सवभन्दा नजिकको देखिने सरकार (Nearest Visible Government) हो भन्ने मान्यतालाई स्थापित गरेर देखाउनु पर्ने छ। यसै सन्दर्भमा आगामी आर्थिक बर्षको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा क्षेत्रगत एवं विषयगत विशेषज्ञता रहेका विषयगत शाखा, निजी क्षेत्र तथा सहकारीहरूलाई जिम्मेवार र उत्तरदायी बनाई कार्यान्वयन कार्य योजना (Implemetation Action Plan) सहित तोकिएको समयमै योजना सम्पन्न गर्न आवश्यक रहेको तथ्य तर्फ ध्यानाकर्षण गराउन चाहन्छु।

स्थानीय सरकार संचालन ऐन, २०७४ बाट निर्दिष्ट समयमा नगरपालिकाले बजेट तथा कार्यक्रम तयारी/प्रस्तुती गर्ने कार्य सार्थक तुल्याउन सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकारका विषयगत निकायका प्रमुखहरू, राजनीतिक दलका पदाधिकारीहरू, नगरसभाका सदस्यहरू सबैको मार्गदर्शन हाम्रा लागि महत्वपूर्ण रहेको व्यहोरा अनुरोध छ। साथै यस कार्यमा सहयोग गर्नु हुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, गैर-सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी एवं अन्य जनप्रतिनिधि र सरोकारवाला सबै निकाय तथा व्यक्तिहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

सभामा प्रस्तुत नगरपालिकाको बजेट, नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विनियोजन विधेयक, २०८० तथा आर्थिक विधेयक, २०८० लाई सम्मानित सभाबाट स्वीकृत गर्न प्रस्ताव गरेको छु।

**अन्त्यमा,**

यस बजेटको सफल एवंम प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउने वस्ती तथा वडास्तरका सम्पूर्ण नगरवासीहरू प्रति आभार व्यक्त गर्न चाहन्छु। साथै बजेट, नीति तथा कार्यक्रम वाचन गरि रहेको यस क्षणमा यो गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !!

*जय धनगढीमाई नगरबासी।*

शिव शंकर महतो
नगर प्रमुख

*जय धनगढीमाई नगरपालिका। ।*

मितिः २०८० आषाढ १० गते आईतबार।

प्रस्तुतकर्ताः
संगिता कुमारी चौधरी
नगर उपप्रमुख

शिव शंकर महतो
नगर प्रमुख